
# अमेरिका

उपन्यास



गंगा लिगल

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

सरीना पिया ज्यूलाई समर्पण
मार्फत:- उता प्रधान
९८४१-५०८५६४
भैरहवा ०६०।८।१९

# अमेरिका

उपन्यास

गंगा लिगल

| | | |
|---|---|---|
| पुस्तक | : | **अमेरिका** (उपन्यास) |
| लेखक | : | श्रीमती गंगा लिगल |
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज<br>वाशिङ्गटन डी. सी. संयुक्त राज्य अमेरिका |
| प्रथम संस्करण | : | वि. सं. २०७० |
| प्रति | : | १००० प्रति |
| सर्वाधिकार | : | लेखकमा |
| मूल्य | : | नेपाल र दक्षिणपूर्व एसियामा ने.रु. १५०।००<br>नेपाल र दक्षिणपूर्व एसिया बाहिर यूएस् डलर ५।- |
| आकृतिविन्यास | : | रमेश दाहाल |
| मुद्रक | : | लुष प्रेस, काठमाडौं, नेपाल,<br>फोन २७८२८२४<br>e-mail : lusha@wlink.com.np |
| पाइने ठेगाना | : | In USA<br>International Nepali Literary Society<br>1727 Horner Road, Woodbridge,<br>VA 22191<br>Tel : 703-491-1014<br>Email: info@inls.org, http://www.inls.org<br>hsubedi@gmail.com<br><br>In Nepal<br>अनेसास नेपाल च्याप्टर<br>शान्ति गल्ली, अनामनगर, काठमाडौ, नेपाल<br>फोनः ४२३९३०७, ९८५१०५९३५४ |

**AMERICA** (Novel ) by Ganga Ligal

# समर्पण

भानुद्विशतवार्षिकी महोत्सवको अवसरमा
'भानुवर्ष २०१३'को लागि सम्पूर्ण
साहित्यिक नेपाली मनहरूमा
समर्पण गर्दछु ।

*-गंगा लिगल*

# प्रकाशकीय

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्र वा शाखाले नेपाली साहित्यका विभिन्न विधाका कृतिहरू प्रकाशन गर्दै आइरहेको छ। त्यसै क्रममा गंगा लिगलको यो **अमेरिका** उपन्यास प्रकाशन गरिएको छ। अनेसास केन्द्रको प्रकाशनमा यो ९३ औं प्रकाशन हो।

भानुद्विशतवार्षिकीको अवसरमा अनेसासको "भानुवर्ष २०१३"को उत्सवलाई शोभा बढाउने उद्देश्यले लेखिएको यो कृतिको प्रकाशनको लागि अनेसासलाई जिम्मा दिएकोमा गंगा लिगललाई पनि धन्यवाद ज्ञापन गर्दछु।

यसको मूल्याङ्कनकर्ता प्रा. बालकृष्ण भट्टराई र यसको भूमिका लेखिदिनुहुने अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीलाई धन्यवाद दिँदै यसको प्रकाशनमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ! यसमा भएका त्रुटीहरू औंल्याई सुधार्को मौका दिएर यो अझ सशक्त प्रकाशन संस्थाको रूपमा विकसित गर्ने अवसर दिनुहुनेछ भन्ने अनुरोध हामीले पाठकसँग गरेका छौं।

**गीता खत्री**
*अध्यक्ष*
*अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्र*
*वाशिङ्टन डी.सी.*
*संयुक्त राज्य अमेरिका*

*०६-२३-२०१३*

# "अमेरिका"को करिस्मा

गंगा लिगलको उपन्यास 'अमेरिका' पढेपछि लाग्यो- अमेरिका उपन्यास यौटा सानो 'हीरा' हो । यसको लेखनको उत्प्रेरणा पनि अमेरिकाका आप्रवासी समाजसेवीहरूको त्याग र बलिदान नै देखिन्छ । यस उपन्यासकी नायिका सुहाना जस्तै भरखर हौसलासाथ साहित्य कला संस्कृतिको सेवामा संलग्न भएका नारी सेवीकाहरू यथार्थमा छन् । यो काल्पनिक हो तर अमेरिकाको जीवनमा त्रासदी बाहेक अरू सबै प्रतीकात्मक र यथार्थ छ । उपन्यासको अन्तिममा रहेको दोस्रो र तेस्रो अनुच्छेद भने उत्थानको चरम अवस्थामा पुगेर गल्याम्म बगरमा भरेको चौरालीको यात्री जस्तै हरएक नेपाली मात्र हैन मान्छे मात्रले भोग्नुपर्ने मृत्युको नियति हो । यो नियतिको पर्दा खोल्न गंगाजीको आफ्नै उमेरको हदले पनि उत्प्रेरित गरेको हुनसक्छ । लेखकले देखेको आप्रवासी नेपालीको परिवेश र जीवनको विसङ्गत दिवास्वप्नलाई यथार्थतामा परिणत गरिदिएर यौटा रहस्यपूर्ण उपन्यासको रूप दिएकी छन् । आजको स्वर्ग ठानिएको अमेरिकामा स्वप्नभङ्ग भएर जीवन यौटा संकटको घडीमा लगेर छोडेकी छन् । लेखिकाले माथिको सबै कथा सरल तरिकाले आफैं भन्दै गए पनि अन्तमा समाधान खोज्न स्वयं पाठकलाई नै छाडिदिएकी छिन् । यो लेख्ने प्रेरणा यो डायस्पोराको परिवेश र त्रासद जीवनको अवश्यम्भाविताको अनुभूतिले दिएको छ ।

यो अमेरिका उपन्यास 'सागर-पारि' (कविता-संग्रह) लेख्ने लेखिकाको हो। नाम र विधा फरक छन् जीवन उही हो। यो उपन्यासलाई गंगा लिगलले ह्युस्टन टेक्सासबाट पाठकको अगाडि राखेकी छिन्। यसलाई प्रकाशन गर्ने योजना उनले पहिले अनेसास ह्युस्टन च्याप्टरबाट गरेको भए पनि अन्तमा अनेसास, वाशिङ्टन डिसीबाट गर्ने निर्णय गर्नुभएर केन्द्रबाट आजसम्म प्रकाशित ६ वटा उपन्यासमा अर्को यौटा इँटा जडान गर्ने प्रयत्न भएको छ। अनेसासको केन्द्रीय कदमसित कदम मिलाएर अगाडि बढाएको यसले पनि प्रमाणित गर्दछ। यो अनेसासका साहित्यसेवीको जीवनबाट अनुप्राणित भएको कुरा यसको कथानकले पनि पुष्टि गर्दछ। अनेसासले यही भानुद्विशतवार्षिकीको अवसरलाई 'भानुवर्ष २०१३' घोषणा गरेको छ। 'भानुवर्ष २०१३' महोत्सवमा यसको विमोचन अनेसास ह्युस्टन च्याप्टरमा गर्ने योजना रहेको रहेछ। लेखनको विषय र विमोचनका प्रक्रियाहरू एकअर्कासित अन्योन्याश्रित छन्। यो सुन्दर मिलन गराएको क्यालिफोर्नियाली कथाको सन्दर्भमा अमेरिकाली नेपाली भाषा साहित्य र समाज सेवाको आदर्श इतिहासलाई जीवनदर्शनसित जोडेरै देखाइएकोले गंगाको लेखकीय इमानदारिताको म जहिले पनि सराहना गर्दछु। त्यहाँ कपट, छलछाम र बेइमानी छैन। सरल र स्वच्छ जीवन छ, जुन हामी आफूले आफैँलाई हेर्न हुने ऐना जस्तै छ।

गुल्मीबाट पाल्पा , पाल्पाबाट काठमाडौं, काठमाडौंबाट अमेरिका, विद्यार्थीको रूपमा अनि पिएच्.डी. अनि एच् वन भिसा, परिवारको अमेरिकामा बसाइसराई, आमाबाबुलाई अमेरिका ल्याउनु, सबै खुशी भएर अमेरिका बस्नु अनि आफ्नो देशको सम्झना, आफ्नो जातीय गौरवलाई जीवन्त र दिगो राख्न शुभम् र सुहानाले खेलेको भूमिका, उनीहरूसँग जोडिएर आएको संस्था र भाषा-कक्षाका साथ यौटा सुन्दर नेपाली डायस्पोरिक समाजको परिकल्पना गंगाले जुन गरेकी छन् के त्यो तपाई हामी सबैको यथार्थ जीवन हैन? त्यसैले पनि हाम्रो जीवनको ऐना हैन ? बरु हाम्रो इतिहास ऐतिहासिक उपन्यास नभनीकनै गंगाजीले लेखिदिएकी छन्। डायस्पोराको नेपाली समाजका उत्कृष्ट विचार भएका प्रतिनिधिपात्रहरूको

कथाको रूपमा । हो, उनले अर्को कालो पक्षलाई पनि बिर्सेकी छैनन् जो राम्रोलाई नराम्रो देखेर आदर्शलाई अनादर्शको रूपमा व्याख्या गरी समाजमा भ्रम फैलाउने काम गर्छन् त्यस्ता दुश्चरित्रको चित्राङ्कन गरेर पनि तिनलाई सबल पक्षबाट परास्त गरेकी छिन् । यस अर्थमा अकर्मण्य हैन, कर्मशील, अग्रगामी पात्रहरूको प्रस्तुतिले समाजलाई आशावादी दिशा दिने सबल प्रयत्न गरेकी छन् । हो अन्तमा परिणति निश्चित रूपमा खेदजनक भएको छ । कथानक यौटा त्रासद मोडमा गएर टुङ्गिएको छ । त्यसमा लेखिकाको सुनियोजित संरचना र सोद्देश्य रचना नहुनुको दोष हैन, बरु आजको आप्रवासी नेपाली परिवेशको दोष हो । मानव नियतिको दोष हो ।

यसमा पहिलो निराकरण गर्न सकिन्छ । नेपाल सरकारले चाहेमा दोस्रो अपरिहार्य भएकोले पूर्णतः पन्छाउन सकिदैन तर त्यसको म्याद जतिसक्दो पछि सार्न सकिन्छ । यो कुरा उपन्यास पढ्ने पाठकको सुझबुझमा भरपर्ने कुरा हो । उपन्यासको अन्तमा त्रासद स्थिति ल्याउनमा नेपालको राजनैतिक अस्थिरता तथा देशको बिग्रँदो आर्थिक अवस्था जिम्मेवार छ । यदि त्यसो नभएको भए न शुभम्को भाइलाई त्यति ठूलो ऋण लाग्ने थियो, न त्यो भाइको ऋणले डायस्पोराजीवी दाइको दिमाग खराब गर्ने थियो र न त्यो शान्ति खोज्दै जाँदा त्यो दुर्घटनाको जालोमा फस्न जाने थियो । त्यो नेपालबाट यहाँ बस्ने आप्रवासीलाई आइलागेको तनाव नै यस्ता घटनाको लागि जिम्मेवार छ । त्यसैले हामी वा नेपालका नेपालीले जसरी भए पनि आज नेपालको स्थायित्व, आर्थिक विकास र शान्ति कायम गर्नु नितान्त आवश्यक भएको कुरा यो त्रासद अन्तले त्यतिबेला अभिव्यञ्जित गरेको छ । अर्को कुरो लेखिका यति चतुर छन् कि उनले त्यहाँ प्रारब्ध वा नियतिको प्रश्न ल्याएर ए, यो त हुनु थियो, भयो; नेपाल र भाइसित सम्बन्धले यो त्रासदी निम्तिएको हैन भन्ने व्यक्तिहरूलाई पनि उनले मौका नदिएर त्यो दुर्घटनालाई कारणहीन वा पूर्ण अविज्ञेय रूपमा उनले छोडिनन् । नेपाल र भाइको ऋणबाट उत्पन्न तनावबाट मुक्तिको लागि पार्कमा जाने यात्राको कारण बनाएर त्यो मृत्यु

सबैको लागि सदा रहने नियति भए तापनि यो आजै त्यसै दिनमा नभएर दुई दिन पछि, दुई वर्षपछि दुई दशकपछि पनि त हुनसक्थ्यो तर त्यसो नभएर, सरदर मान्छे बाँच्ने र आदर्श उद्देश्य पूरा गर्ने मौका पनि नदिई जसरी पनि त्यो सानो सुन्दर आदर्श परिवारमा कार दुर्घनाको खाल्टोमा पारेको छ, त्यसको दोषी त नियति हैन, यो हाम्रो नेपाल र यहाँको परिवेशको परिणाम हो। यसको इलाज गरिएन भने यस्तो संकट रोग व्याधि र जराका विविध कोणबाट विविध रूप लिएर क्षयरोगले हामी डायस्पोराका नेपालीमा सदा आक्रमण गर्दै जानेछ र हाम्रो सुख सन्तोषको सर्वनाश गर्दै जानेछ भन्ने ध्वनि दिएर उपन्यासलाई अन्त गरेकी छिन्। यसले गर्दा उपन्यासको तथ्य प्रस्तुति र परिणामबाट भविष्यवाणीको ध्वनि दिनमा उपन्यास सफल भएको छ। यति सरल कथानक, परिवेश विकासको वर्णन गर्दै गएर कुनै कथा नै हैन जस्तो गरी हाम्रै दैनन्दिन जीवनको वर्णन गर्दागर्दै अचानक जीवनलाई मृत्युको मुखमा लगेर पाठकको साम्ने जीवन के हो त ? भन्ने प्रश्न गरी आफै जिल्ल पर्न बाध्य बनाएको छ उपन्यासले। पाठकलाई अन्यमनस्कताको स्थितिमा पुऱ्याएर त्यो सङ्कटबाट मुक्तिको उपाय खोज्न सोच्न बाध्य बनाउनु वा एक सेकेन्डको लागि पाठकलाई निरीह प्राणीको अवस्थामा पुऱ्याइदिनु नै यो उपन्यासको खुबी हो।

मैले गंगामा फूल मात्र देखेको थिएँ तर यहाँ जीवनमा काँडा पनि भएको पाएँ। यसको अर्थ हो उनको साहित्य अब जय पशुपनिनाथ मात्र भन्ने ठाउँमा छैन यसले अब जीवनको व्यास खोतल्दै स्वतन्त्रता र मुक्तिको द्वारको पनि अन्वेपण गर्दैछ। यसका पाठकलाई थोरै भए पनि स्वयम् बौद्धिक बनेर त्यस चक्रव्यूहबाट कसरी मुक्त हुने, तनाउको पहिले नै कसरी परिहार गर्ने यो सोच्न मजबूर बनाएको छ। यो उपन्यास र साहित्यकारको लागि हैन यो पाठक वा हाम्रो डायस्पोराको समुदायको लागि नितान्त आवश्यक कुरा हो भन्ने संकेत यसले दिन थालेकोले यो अब मनोरञ्जनको मात्र विषय न भएर अविज्ञेय वस्तुमा जिम्मेवारी फ्याँकेर आफू अनुत्तरदायी बन्ने कोशिश न गरेर आफू वरिपरि भएका वा आउन सक्ने आपत्ति र तनावबाट स्वतन्त्र हुन बेलैमा सचेत हुन उत्प्रेरित गरेको छ। यस

अर्थमा गंगाको यो उपन्यास अर्थपूर्ण छ र यो समालोचनात्मक यथार्थवादी खेमामा रहेको छ।

यसका पात्रहरू खास यी हुन्:

(१) मुख्य पुरुष पात्र – शुभम् श्रेष्ठ

(२) शुभम्का आमाबावु – सूर्यप्रसाद श्रेष्ठ, सरिता श्रेष्ठ

(३) शुभम्का भाइ बहिनी – सूरज श्रेष्ठ, सारिका श्रेष्ठ

(४) मुख्य महिला पात्र – सुहाना खनाल

(५) सुहानाका आमाबावु – सुरेशप्रसाद खनाल, शुष्मा खनाल

(६) सुहानाका भाइ – सृजन खनाल

(७) प्रतिनायिका, शुभम्की गर्लफ्रचान्ड–केली

यी पात्रहरूको चारित्रिक विकास हेर्दा अन्तर्जातीय विवाह गरेका छन्। शिक्षा र समाजसेवा उद्यत छन्। समान्य गाउँबाट अमेरिकाको चौथो चरणको डायस्पोराले जस्तै आफ्नो दाल, भात, डुकुको समस्या समाधान गरी समाजसेवामा समर्पित छन्। परिणाम जेसुकै होस् उनीहरूको प्रयास सदा अग्रगामी रहेको छ। त्यसो भनेर मार्क्सवादी साहित्यको जस्तै पूर्ण द्वन्द्वात्मक भौतिकवादी बनेर यी पात्रहरू संघर्ष गर्ने अर्थमा अग्रगामी भन्न खोजेको चाहिँ पक्कै हैन तर हाम्रो समाजमा भएको रुढिको विरुद्ध स्वतन्त्ररूपले आफ्नो र समाजको सुधार गर्दै अगाडि बढ्ने चरित्रको रूपमा अग्रगामी भन्न खोजिएको हो। नेपालको यौटा कुनामा भएको पात्र पनि आज द्वन्द्वात्मक भौतिकवादी बनेर माओवादी बनेको पनि अवस्था हो यो तर यो उपन्यासका पात्रहरू विदेशै भए पनि नेपालको आफ्नो संस्कृतिको रूपमा विवाह आदि संस्कारहरू मान्ने र खास गरी नेपाली भापा र संकृतिको संरक्षण सम्वर्धन गर्न सदा संघर्षशील रहने अर्थमा अग्रगामी रहेका छन्।

पात्रहरू कुनै पनि गिल्टमा छैनन्। वरु कर्तव्यतर्फ उन्मुख छन्। सासू वुहारीको सम्वन्ध राम्रो छ। केली प्रतिनायिका हो। शुभम्‌की गर्लफ्रेन्ड हो केली। यसले अमेरिकी लभ र डिभोर्सको संस्कृतिजन्य समस्याको प्रतिनिधित्व गर्छे। शुभम्‌लाई वन्दुक हान्न खोज्छे। सुहानाले प्रहरी बोलाएर केलीलाई तत्काल पक्राएर जेल पठाउन सफल भएको देखाइएको छ।

यसरी यसले अमेरिका कानुनसम्मत देश हो भन्न खोजिएको छ। नेपाली भएर नेपालको माया गरे पनि, डायस्पोरा भएपछि पनि अमेरिका जुन आफू वस्ने धर्ती भएकोले यसको पनि उत्तिकै माया र कर्तव्य पूरा गर्नुपर्छ भन्ने कुरा अमेरिकी नुन खाएको भन्ने प्रसङ्गले देखाएको छ। नेपालको धुलोमैलो, संविधान निर्माण नभएको खेद, हडताल, जुलुसहरूले नेपाल अस्तव्यस्त भएको देखाइएको छ। नेपालमा शुभम् नायकको भाइ सुरजलाई व्यापारमा पाँच करोडको घाटा लाग्छ। त्यो घाटा नेपालको अव्यवस्थाको कारण हुन गएको हो। त्यसको क्षतिपूर्ति गर्न अमेरिकामा रुखबाट डलर फल्छ जस्तो गरी शुभम्‌बाट लिन खोजिन्छ, जसले शुभम्‌को दिमाग चौपट हुन्छ। चिन्ताबाट मुक्तिको सास फेर्न पार्कतिर जान हिँड्छन् सवै। पार्कमा जाँदा बाटैमा अर्काको कार आएर ढ्याम्म हान्छ। डिफेन्स गरेर वच्न पनि नसक्दा सम्पूर्ण परिवारको त्यहीं एक चिहान हुन्छ। त्यतिमै उपन्यासलाई अन्त गरिएको छ।

वस्तुत: अमेरिकी नेपाली जीवनका विविध पक्षलाई उजागर गर्न खोजिएको छ। विवाह संस्कार जस्तो नेपालको संस्कृतिलाई अनुशरण गरिएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय विवाहलाई स्वीकार गरेको दुईपुस्ता भैसकेको छ। ग्रीनकार्डका समस्या र इन्डियन रेस्टुरेन्ट, वन्दव्यापार, आर्थिक नियम, ऋण, धन , समाजसेवा कला साहित्य, दैनिक जीवन, भाषा र नेपालको स्मृतिलाई समेटिएको छ। समस्या छन् जीवनको ग्यारेन्टी छैन। असुरक्षा र आतङ्कभित्रको जीवन र त्यसको खरानी हुने खतरा आदिमा उपन्यास निर्मित हुन पुगेको छ।

परिवेश पनि आज यौटा विना वटवृक्ष र आँसु सवै सुकेको, हरियाली केही

नभएर उजाडबाट सुरु हुन्छ भने अर्को स्वच्छन्दतावादी लेखकहरूको शैलीमा सुन्दर प्रकृति वर्णनको परिवेश हुन्छ। यो उपन्यास प्राकृतिक सौन्दर्यको परिवेश लेखिएको छ। यसभित्र पसेपछि पञ्चवटीमा पसेजस्तै पाल्पाको सुन्दर पहाडी दृश्यमा स्वयम् रङ्गिगए जस्तै लाग्छ। गंगा कुरूपकी लेखिका हैनन् उनी रूपकी रानीकी लेखिका  हुन्। अन्तमा जुन दुर्घटनाको परिवेश खिचिएको छ त्यसमा लेखिकाको दोष रहन्न, बरु यो आजको समयले लेखाएको विवशता हो। उनी न चाहेर पनि त्यो कुरूप त्रासद परिवेशलाई प्रस्तुत गर्न विवश भएकी छन्। तै पनि यो भयावह क्यालिफोर्नियामा महलको शिर माथि हो कि तल पानीमनि झुण्डिएको हो छुट्याउन कठीन छ। यो समुद्रमा मान्छे आज एक्लै छ। आफ्नो  पहिचान भेटाउन सकेन भने ऊ स्वयम् जिउँदै अत्तालिएर चक्कराएर घोप्टो पर्न सक्छ। यस्तो भयावह परिवेशमा उद्देश्यको निर्धारण, त्यसप्रतिको प्रतिवद्धता, प्राप्तिको न्यायपूर्ण मूल्याङ्कन गरी पुनः पुनः गन्तव्यको लागि प्रतिरोधात्मक युद्ध लड्दै अगाडि बढिएन भने नियति त के यो परिवेशले आफै राक्षस भएर एकै आहारमा हाम्रो जिन्दगी निलिदिन्छ। आजको परिवेश यति कठोर छ कि, यसमा पुराना दया, धर्म, माया र ममतालाई थोरै मात्र ठाउँ रहेको छ। यस्तो परिवेशमा पनि शुभम् र सुहानाले जुन सुन्दर समाज निर्माणको लागि प्रयत्न गरे त्यो त ठूलो उपलब्धि हो। यहाँ त ठूला ठूला महिशासुर छन्। कुनै पनि देवीले हराउन सक्दैनन् धन्न सुहानाले तिनीहरूसित विजय गर्दै अगाडि बढेकी छिन्। परिवेशसित भाग्ने हैन त्यसलाई बदल्ने गर यो आदर्श उनको थियो र त्यो गरिन् पनि। परिवेश नेपालदेखि सुनामी बनेर आयो उनीहरूलाई सहजैसित पार्कमा जाने बाटोमा लगेर दुर्घटनामा हालिदियो। परिवेश महाकाल हो। परिवेश अशुद्ध भए जतिसुकै आफु सही भए पनि एकातिर न एकातिरबाट फसाइहाल्छ किन कि यो परिवेश यौटा प्राकृतिपार्कमा मात्र सीमित छैन अपितु यो ट्रान्सन्याशनल भैसकेको छ। यो भूमण्डलीकरणको परिवेशमा सङ्कट समाधानको उपाय यौटा राष्ट्रले आफ्नो मात्र दुनो सोझ्याएर हुदैन, अपितु अमेरिकाले छिमेकी मेक्सिको र नेपालीको पनि जीवन परिवेशमा सुधारको लागि लगानी गर्नुपर्छ, अन्यथा यौटा बिन लादेन मारेर के गर्नु त्यसका

हरएक रगतका छिर्काछिर्काबाट असंख्य दानवी शक्ति पैदा हुन्छन् । परिवेश झन् दुर्गन्धित हुँदै जान्छ । मान्छेलाई पर्खालले रोक्न सक्दैन । अमेरिकाको इमिग्रेशनले आज लाखौंको संख्यामा सेन्ट्रल अमेरिका हुँदै थर्डवर्डबाट आउने आप्रवासीको अन्डकुमेन्टेड मान्छेको ताँतीका ताँतीलाई कसले रोक्ने ? मान्छे कमिलोभन्दा धेरै बाठो छ । अमेरिकाले यौटा बाटो रोके यसले अर्को बाटो खोज्छ । यो यौटा राष्ट्रको हैन । सबै राष्ट्रको रोग भएको छ । नयाँ सन्चार र यातायातको विकासले सबै राष्ट्रलाई यौटै राष्ट्र बनाइदिएको छ । कम्तिमा परिवेशको सहभागितामा सबैलाई साझेदार बनाइदिएको छ । भलै डायस्पोरा अनेकमा विभाजित किन नहुन् तर यिनले मूल निवासी र डायस्पोराको बीच सबैजस्तो राष्ट्रमा प्रतिरोध युद्ध छेडिदिएका छन् र धर्तीलाई सबैको साझा घोषित गर्न मुद्दा हालिसकेका छन् । मार्क्सको बोटलबाट नभए पनि डायस्पोराको बोटलबाट परिवेशको शुद्धीकरणको लागि आफ्ना र अर्काका राष्ट्र सबैलाई साहित्य, कला, संस्कृति र दर्शनको मोहडाबाट शङ्खघोष गरिसकेका छन् । तर परिवेश उस्तै दुर्गन्धित छ । अझ सुधार भएको छैन । शुभम् र सुहानाको त्रासद अन्तको दोषी यही अन्तर्राष्ट्रिय दूषित परिवेश उत्तरदायी छ । त्यसैले गंगाको फूलले पनि कलामा काँडा तेर्स्याउनुपऱ्यो । यो उपन्यास र गंगाको दोष हैन यो परिवेशको दोष हो जसले शुभम् र सुहाना जस्ता कलकलाउँदा नेपाली डायस्पोराका पालुवाहरूलाई चुँडेर लग्यो । खेदपूर्ण परिवेश छ । यो बदल्नु जरुरी छ । यो उपन्यासको परिवेशको लक्ष्य हो ।

भाषा सुन्दर छ । प्रकृतिप्रेम छ । शुभम् र सुहानाका सम्वाद अति उत्तम छन् । गीतको प्रयोगले उपन्यास चम्पू काव्य जस्तो सुन्दर भएको छ । नियात्रा जस्तो लाग्ने यात्रावर्णन पनि छ । विधाभञ्जनजस्तो लागे पनि यो विधाभञ्जन गरिएको हैन । कथाका क्रमिकता छ । १५ अध्यायमा उपन्यास पूरा भएको छ । अध्याय सानासाना भएकाले पाठकलाई पट्यार लाग्दैन । सम्वादको भाषामा फोनको प्रयोग छ ।

भाषा पनि गंगाको काव्यात्मक छ । शैली निस्वार्थभावले तोते बोल्ने

सज्जन वालकको जस्तो छ। अंग्रेजी पनि छ नेपाली पनि छ। यो डायस्पोराको नेपालीको प्रकृति हो भने अर्कोतिर यो फेसन पनि भएर आएको छ। जे भए पनि यो उपन्यासको भाषा जे बोलिन्छ त्यही हो। यसमा विश्वसनीयता बढी हुन्छ भन्ने मेरो मत छ। कतिपय शब्दको त नेपाली वनाउन सकिन्थ्यो तर कतिपय शब्दको भने अमेरिकामा जुन भाव लेखकले दिन खोजेको त्यो जस्ताको तस्तै नेपाली भाषाले दिने शब्द नहुन सक्छ। यस्तो अवस्थामा अग्रेजी वा स्पानिस भाषाका शब्द प्रयोग भएकोमा पनि डायस्पोराको साहित्यले त्यसलाई आफ्नो प्रकृति मानेर स्वीकार गर्छ। सो मूलधारमै पनि काव्यमा नेपाली शब्दले मात्र भाव व्यक्त गर्न सकिएन भने लकिर खिच्ने, रूपका हाँगाहरू र डट डट डट वा ? ? ? यस्ता आवश्यकताभन्दा बढी संकेतचिन्हले भावलाई खुलासा गर्न पाइने छुट त छँदैछ। यस सन्दर्भ अंग्रेजी शब्दप्रयोगलाई मैले माने तर नेपालीमा हुने शब्द नेपालीमै लाउन सकियो भने वेश। पात्र उत्तेजित हुने मात्र हैन यदाकदा लेखक आफै लेख्दा उत्तेजित भएर धर्तीदेखि वाहिर पुगिन्छ अनि न तेरोमेरा भाषाको सीमा रहन्छ न व्याकरण र लोकाचार नै। यसरी लेखिएका सिर्जनाका गुणदोष वरावर छन्। गुण त यो हो कि लेखकको व्रह्मले जे देख्यो त्यो लेखिएको हुन्छ र त्यही सम्प्रेषणको सम्भावना कायम रहन्छ जुन तौलेर हालेका वनावटी शब्दावलीमा हुन्न। अर्को दोष के भने, क्लासिकल कुरोको नामो निसान रहन्न। दुवै हातमा लड्डू कहिल्यै पाइदैन। त्यसैले म दुवै पक्षलाई सिर्जनाको अवस्था हेरेर सही गलत भन्न चाहन्छु। डायस्पोराको मान्छेले देखेभोगेर लेखेको भाषा यौटा मुस्ताङ्गवाट कहिल्यै वाहिर नगएको समालोचकको हातमा पर्‍यो भने त्यसले सवै गलत भनिदिन्छ। भो अव ! के त्यहाँ लडेर भो ? यो विश्वग्राममा विद्वात्वर्गहरूमा भएको विविधतालाई मानेर मौन रहँदै अनेक डायस्पोराको अध्ययनलाई कायम राख्नुपर्छ। मनाङ के काठमाडौं र डीसीमै पनि यस्ता भिन्नता प्रशस्त पाइन्छन्। त्यसैले विश्व साँघुरिएको छ एकातिरभने अर्कातिर पहिचानका अनेक भेद पनि उत्तिकै उजागर भएका छन्। ती गुड र गोवर दुवै छन्। ती व्यक्ति वा वर्गगत विभिन्नताका आधारमा पनि मापन, मूल्याङ्कन, साधारणीकर गर्नुपर्ने हुन्छ र कतिपयलाई अपवादको रूपमा पनि

स्वीकार गर्नुपर्ने हुन्छ। यी प्रकारान्तर हुँदाहुँदै पनि गंगा लिगलका नेपालीसित आएका अंग्रेजी शब्द गंगा आफैलाई पनि पाठकलाई यसरी भने मात्र आज सम्प्रेषण हुन सक्दछ भन्ने आधारमा जडान गरिएकाले ती शब्दलाई जानेर फूलबुट्टा भरिएको भन्ने ठान्दछु। सौन्दर्य वढाउनकै लागि त्यो त्यो ठाउँमा अग्रेजीका शव्द उपयोग गरिएको छ। नेपाली व्याकरणसम्मत पक्कै छैन होला तर भावसम्प्रेषण भने राम्रो भएको छ।

डायस्पोरिक साहित्य समालोचनाका स्तम्भको आधारमा कसी लगाउने वा बिम्व, प्रतीक, अलङ्कार, ध्वनि, गुण, रीति आदि विविध कसीमा उपन्यास भनौं गद्य साहित्यको अवलोकन गर्न सकिन्छ। यसको पनि लेख्नपर्ने कुराहरू त प्रशस्त थिए तर यो सानो भूमिकामा यसभन्दा अगाडि जानु सीमावाहिर जानुहुनेछ।

गंगा लिंगलको 'अमेरिका' उपन्यास, यो अन्त हैन, अथ हो। बरु यसको अन्तवाट अरू नयाँनयाँ उपन्यासहरू आउनेछन् जसले जीवनको उपन्यास मात्र हैन त्यसको व्यास पाठक समक्ष ल्याउने छन्।' जीवनको कुनै ग्यारिन्टी नभएको यसले देखाएको छ। पाठकको लागि उपन्यास त्रासद क्षणमा पुगेर पुत्ताएको स्वर संकेतसित समाप्त हुन्छ तर म अनुभव गर्छु उपन्यासका अन्तिम अनुच्छेदका यी तलका शव्दबाट सुरु गरेको संचेतना प्रविधिको अर्को उपन्यास अथ गर्न यो भूमिका भएको छ।

अचानक पछाडिपट्टिको गाडीले यस्तो जोडले Attack गऱ्यो, गाडी गएर अगाडिको पर्खालमा ठोक्किन पुग्यो। एकै छिनमा दुई/तीन तिरबाट पुलिसको लाइन र मानिसको लाइन हुन थाल्यो। त्यति मात्र हो र Ambulance त कति ओटा जम्मा हुन थाले। मान्छे दौडादौड गर्न थाले।

सवै अचेत होलान्, कसैलाई पत्ता नै छैन। शुभम्लाई पनि शरीर आफ्नो हो कि! अरूको-उसलाई थाहा छैन। तर दिमागमा कल्पनाका क्यूहरू लागिरहेका छन्। अविरलता पूर्वक ती कल्पनालाई उनले एकक्षण पनि रोक्न सकेका छैनन्।

नेपाल, अमेरिका, मान्छे, समाज, व्यवसाय र प्रकृति र सारा एकच्छत्र विस्तारै नीलो आकाशमा कालो बादल छाउँदै छाउँदै....।

यो अन्तलाई अथमा राखेर संचेतना प्रविधिवाट अर्को उपन्यास आउनेछ। त्यो उपन्यास क्रमहीन कथानक, संश्लिष्ट बौद्धिक जीवन जगत्को उपन्यास हुने छ उपहार दिनको लागि। सरल कथानक समसामयिक वस्तुमा केन्द्रित डायस्पोरावाट लेखिएको आदर्शउन्मुख उपन्यास हो यो। यो प्रयास स्तुत्य छ।

उपन्यासको अन्तमा पाठकले पाउँछ उनीहरू कति खुशी छन् त्यो खुशी कसरी तत्काल दुर्घटनामा परिणत हुन्छ ? यो जीवनको अविज्ञेय रहस्य भएको अनुभव गर्छ। त्यति राम्रो तरिकाले नेपाल मूल थलो र यो डायस्पोरिक जीवनमा सङ्गति खोज्दै सुखले अगाडि बढिरहेको आदर्शजीवन अचानक आएको नेपालीको भाइको ऋण र त्यसबाट मुक्त हुन खोजिएको यो महासागरको डायस्पोरिक जीवनले भयावह जीवनले दुर्घटना बेहोर्नुपर्छ। आजको जीवनको विडम्बना पनि यही हो।

अन्तमा, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वाशिङ्टन डी. सी. संयुक्त राज्य अमेरिकाले यस्ता कृतिहरू ९२ भन्दा बढी प्रकाशित गरिसकेको छ। यस्ता कृति लेख्न गंगाजीलाई र प्रकाशन गर्न अनेसासलाई अझ बढी उत्साह जागोस्। यसको लागि बधाइ !

**होमनाथ सुवेदी**

*संस्थापक अध्यक्ष, अनेसास*

*वुडब्रिज, भर्जिनिया*

*०६/२३/२०१३*

# सृजनशीलताको प्रशंसनीय प्रयास : अमेरिका

*–बालकृष्ण भट्टराई*

## उपन्यासको सामान्य चर्चा

साहित्यका अन्य विधाहरूको तुलनामा उपन्यास पछि विकसित भएको विधा हो । विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गबाट उपन्यासको चिनारी गराएका छन् । इतिहासकार वालचन्द्र शर्माले 'उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिएको लामो साहित्यिक कथा हो' भनेका छन् भने भारतीय उपन्यासकार प्रेमचन्द्रले 'म उपन्यासलाई मानवचरित्रको चित्र मात्र सम्भन्छु । मानवचरित्रमाथि प्रकाश पार्नु, त्यसको रहस्य खोल्नु नै उपन्यासको मूल तत्व हो' भनेका छन् । रुसी साहित्यकार चेखबले 'उपन्यासको कार्य कुन परिस्थितिमा कसले के बोल्छ र के गर्छ भन्ने वर्णन गर्नु हो' भनी पृथक धारणा राखेका छन् । यस्ता अन्य धेरैका धेरै अभिमत रहेका छन् ।

समग्रमा भन्नुपर्दा जीवन र जगत्को वृहत्तर वर्णन गरिने साहित्यिको वृहत्तर रूप हो उपन्यास । महाकाव्य पद्यसाहित्यको वृहत्तर रूप हो भने उपन्यास गद्यको । यसमा लेखकले जीवनका समग्र आयामहरूको सविस्तार वखान गर्नसक्तछ । त्यसैले उपन्यासले पाठकलाई मनोरञ्जन र आनन्द मात्र प्रदान गर्दैन, यसले त देश, काल, परिस्थिति, परिवेश र समकालीन समाज वारे सुसूचित हुने आधार पनि प्रस्तुत गर्दछ । यसमा लेखकले आफू वाँचेको समय र समाजका विविध सन्दर्भहरूलाई कलात्मक ढङ्गबाट विस्तृत रूपमा प्रस्तुत गर्न सक्ने भएकाले यो विधा लोकप्रिय वन्न पुगेको हो ।

## गंगाजीको सृजनशील प्रवृत्ति र 'अमेरिका' उपन्यास

यसभन्दा अघि कविता विधावाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेकी, जीवनको उत्तरार्द्धतिर प्रवेश गर्दा नगर्दै संयुक्त राज्य अमेरिकामा वस्दै आएकी क्रियाशील साहित्यकार गङ्गा लिगलको कलम यस पटक उपन्यास विधातर्फ अभिमुख भएको छ । लिगलका यस अघि कविता, निवन्ध, गीत, पत्रसाहित्य, गजल लगायत १४ वटा कृति प्रकाशित भइसकेका छन् । मातृभूमि नेपालमा जीवनका ऊर्वर समय सेवा र साधनामा विताएर आप्रवासी वन्न पुगेकी गङ्गाजीका अन्तर्हृदयमा आमा, मातृभूमि, आफ्नो गौरवमय नेपाली संस्कृति, परम्परा र नेपाली जीवनशैलीप्रति अगाध आस्था यथावत् रहेको र डायस्पोराको यथार्थमा वाँचिरहँदा पनि नेपाली पारिवारिक जीवनप्रतिको मोह जीवन्त रहेको प्रतीत हुन्छ । आफ्ना अन्तर्मनमा यथास्थितिमा विद्यमान संस्कारलाई निजले उपन्यासका माध्यमवाट प्रस्तुत गर्ने जमर्को गरेकीछन् । मानिस सात समुद्रपारि पुगे पनि उसलाई आफ्नो माटोको मायाले सदैव पिरोलिरहन्छ र आप्रवास र आफ्नै जन्मभूमिका रीतिथिति, परम्परा एवं पारिवारिक जीवनको तुलना गरी कसरी नेपाली मनले नेपाली परम्परालाई नै खोजिरहन्छ भन्ने यस कृतिमा उल्लेख गर्न खोजिएको छ ।

उपन्यासका सैद्धान्तिक आधारहरूतिर लागिरहनु भन्दा सरल वोधगम्य भाषामा जीवनका यथार्थलाई प्रस्तुत गर्ने लेखिकाको प्रवृत्ति देखिएको छ । आफू जन्मेको प्राकृतिक वैभवले पूर्ण सुरम्य नगरी पाल्पा तानसेनको परिवेशवाट प्रारम्भ गरिएको यस आख्यानात्मक कृतिको संरचना लुम्विनी अञ्चल गुल्मी, पाल्पा र राजधानी काठमाडौंलाई आधारपीठिका वनाई सुरु गरिएको छ र अमेरिकामा घटेको दुर्घटनामा पुगेर कथानकको अन्त्य भएको छ । नेवार परिवारका शुभम् श्रेष्ठ र ब्राह्मण परिवारकी सुहाना खनालको प्रणय-सम्वन्धबाट अधि बढेको यस उपन्यासले नेपाली समाजमा वढ्दै गएको अन्तर्जातीय विवाहलाई स्थापित गर्न खोजेको छ । संवादात्मक-वर्णनात्मक शैली, सरल भाषा एवं आप्रवासी जीवनका विविध घटनाको प्रस्तुतिले उपन्यासलाई विषयगत र व्यवहारगत यथार्थका धेरै नजिक पुऱ्याएको छ । आर्दश प्रेमले जातीय सीमाका रेखाहरूलाई समेत नामेट पारेर विजातीय युवा-युवतीलाई दाम्पत्य सूत्रमा आवद्ध गर्न कसरी सफल हुन्छ भन्ने व्यावहारिक जीवनका घटनालाई यसमा दर्शाउन खोजिएको छ ।

नाटकीय ढङ्गबाट कथाको गुम्फन गरेर लेखिकाले यसमा आफ्नो लेखनकलाको परिचय दिएकी छन् । वाध्यता वा अभिरुचिवश आप्रवासी जीवन

वरण गरेका नेपालीको दैनिकीको एउटा साङ्केतिक प्रस्तुति पनि हो यो उपन्यास। यसको अधिकांश रचनापीठिका अमेरिका र अमेरिकी परिवेश भएकाले यसको शीर्षक पनि **अमेरिका** नै राखिएको छ। पाठकहरूलाई कृतिभित्र प्रवेश गर्न उत्सुक तुल्याउन र उनीहरूमा कौतूहल उत्पन्न गर्न शीर्षकको कल्पना उपयुक्त रहेको छ। साना ठूला १६ परिच्छेदमा संरचित यस उपन्यासका खण्डहरू (परिच्छेद) मा भिन्न-भिन्न सन्दर्भको चित्रण भएको भएता पनि आख्यानको क्रमिकतालाई भने खण्डित गराइएको छैन। त्यसैले औपन्यासिक घटनाक्रमको निरन्तरताले पाठकमा कृति पढिरहने उत्सुकता भने यथावत् रहिरहन्छ। आफ्नो देशको सुरम्य प्रकृति तथा युवासुलभ प्रेमसम्बन्धको सूत्रपातबाट सुरु भएको कथा अमेरिकामा गाडी दुर्घटना भएपछि दुःखान्त परिणतिमा टुङ्गिन पुगेको छ।

समग्रमा अमेरिका र त्यहाँको पारिवारिक जीवन एवं सामाजिक यथार्थबारे जानकारी गराउन गरिएको प्रयास प्रशंसनीय छ। आगामी दिनमा कवितामा रमाएको गङ्गाजीको कलम आख्यानमा समेत अझ सशक्त भएर दौडन सकोस्! सुस्वस्थ, दीर्घ जीवन सुखमय बनोस्! हार्दिक शुभकामना!

*जून २१, २०१३* *वसन्तपथ, सिद्धार्थनगर-१२, रूपन्देही।*

# लेखकीय

साहित्य विधामा उपन्यास एक अत्यन्त मनोरम स्थान ओगट्न सक्ने विधा मध्ये एक हो भने यसले मानव जीवनमा कहिलेकाहीँ उथलपुथल ल्याउन पनि केही वेर लगाउन्न। हुन त यो अत्यन्त मार्मिक भएर पनि कल्पनाको लहरमा क्षितिज नाघ्दै हिँडेको हुन्छ। कतै तारासँग टिलपिल गर्न खोज्छ भने कहीँ जूनसँग मितेरी लाएर मुस्कुराउन खोज्छ। त कहीँ निशाका साथ वेदनाग्रस्त भइ परिवेशसँग घुमफिर गरि हिँडेको हुन्छ।

कहीँ तलाउमा कमलको फूल भएर उदात्त जीवन जिउन सफल हुन्छ भने कहीँ कमजोर डाँठ छँदा लत्रिएर उही हिलोमा जीवनमरणको दोसाँधमा आफूलाई वाध्यताले द्रवित हुन मजवूर बन्दछ।

समाजमा मैले बचपनकालदेखि देखेका, भोगेका कुराहरू साथै विदेश आएर पनि देखेका र अनुभव गरेका कुराहरूलाई कल्पनाको साँचोमा ढालेर यस उपन्यासमा पोख्ने प्रयास गरेकी छु र यो उपन्यास लेखेर पूरा गर्ने जमर्को गरेकी छु।

यस उपन्यासको पूरा विवरण पाठक वर्गसमक्ष राखेकी छु। यसलाई हेरेर कस्तो लाग्यो अवश्य आफ्नो विचार दिनु हुनेछ।

यो उपन्यासलाई शोभा वढाउनका लागि प्रकाशकीय लेखिदिनुहुने केन्द्रीय

अध्यक्ष श्री गीता खत्रीज्यूलाई आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु। त्यसैगरी वरिष्ठ साहित्यकार एवं अनेसासका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीज्यूले सान्दर्भिक र अत्यन्त सार्गर्भिक भूमिका लेखेर यस उपन्यासलाई उच्च स्थान दिनुभएकोमा धेरैधेरै धन्यवाद दिन चाहन्छु। साथै मेरा आदरणीय गुरु प्रा. श्री वालकृष्ण भट्टराईले सारगर्भित मन्तव्य लेखी सुनमा सुगन्ध थपिदिएर यस उपन्यासलाई अरू थप गरिमामय वनाइदिनुभएकोमा उहाँलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु।

त्यसैगरी समयमा यस उपन्यास छापेर विमोचन गर्ने मौका दिनुहुने श्री गुहनाथ पौडेलज्यू र लुप प्रेसका सम्पूर्ण परिवारहरूलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु।

गंगा लिगल

*अध्यक्ष*

*०६-२४-२०१३*

*ह्युस्टन च्याप्टर*

## (१)

लुम्बिनीको पाल्पा जिल्लामा स्थित तानसेन शहर प्राचीनकालदेखि नै सदरमुकामको रूपमा प्रसिद्ध छ। यो अनुपम सौन्दर्यको खानी भएर विश्व सामु परिचित हुँदा निरन्तर गतिमा हेर्ने मानिसको लस्कर लाग्दछ। मानौं, यहाँको प्रकृतिमा ६ वटै ऋतुमा वसन्तले बास गरेको भान हुन्छ त्यसैले पनि यहाँको प्रकृति दृश्यावलोकन गर्न विदेशी पर्यटकहरू बेला-वेलामा आउँने क्रम दिनानुदिन वढ्दो क्रममा रहेको छ।

तानसेन वजार, उकालो ओह्रालो ढुङ्गेवजारको रूपमा भए पनि सुन्दरताले ओजपूर्ण देखिन्छ। सुन्दर वातावरणमा यहाँका वासिन्दाहरू आफ्नै किसिमका व्यापार गरी जीवनयापन गरिरहेका छन्।

बजारको माथिल्लो भाग शीतलपाटी तानसेनको मुख्य स्थल र व्यापारिक केन्द्र हो भने। त्यसवाहेक अर्को मुख्य केन्द्रविन्दु हो- 'श्रीनगर' जसलाई तानसेनको मुटु भन्दा केही फरक पर्दैन। त्यही श्रीनगरले नै विदेशी पर्यटकहरूलाई आकर्षित गरेको छ। प्राकृतिक सौन्दर्यको केन्द्रविन्दु 'श्रीनगर !' हो।

श्रीनगर तानसेन बस्तीको मात्र होइन समग्र राष्ट्रको विविध पक्षलाई एकसाथ समेट्ने स्थल हो। त्यस्तो उचाइमा झलमल्ल प्रकृतिले सौन्दर्य प्रदर्शन गर्न केही कमी गरेको छैन। चारैतिर गुराँस मुस्कुराइरहेका छन् भने अर्कोतिर लटरम्म काफल, ऐंसेलु, चुत्रा, नास्पातीका दानाहरू फलेर आगन्तुकलाई निम्तो

दिइरहेका छन् । अर्कोतिर सुनगाभाले सिङ्गो वोटलाई घेरेर माला लगाएको दृश्य अत्यन्त दर्शनीय देखिन्छ ।

लतालहराहरू वृक्षमा झुलेका, कोइलीको मधुर गुञ्जन, त्यहीँ कोकिलकुञ्जमा पहाडको कापबाट फुटेर वहेको जलमा मत्स्यनृत्य र तलाउमा रङ्गिबिरङ्गी कमलको यौवन, यस्तो लाग्छ रमणीय वातावरणले कसको हृदय आकर्षित नगर्ला ! नहर्ला !यही हरियाली मनोरम क्रिडास्थलमा यसले सदावहार मनोहरी छत्रछायामा हुर्केको शहर तानसेन सुरूदेखि शैक्षिक क्षेत्रमा निकै उन्नतशील हुँदै गएको थियो । स्कुल, कलेज मात्र नभएर, सवै विषयको युनिभर्सिटी समेत निर्माण भएकै कारण यो एक शिक्षाको केन्द्रको रूपमा पशिचमाञ्चलमा रहन गएको छ । शिक्षाको केन्द्रविन्दुको रूपमा विकसित भएकोले टाढाटाढाका गाउँठाउँबाट पनि छात्रछात्राहरू शिक्षा हासिल गर्न आउँछन् भने यहाँ होस्टेलको पनि राम्रो व्यवस्था भएकैले टाढाबाट आउने विद्यार्थीहरूलाई सुविधा प्राप्त छ ।

सुपथमूल्यमा होस्टलको व्यवस्था वार्डेनको अनुशासन, नियोजित र असल पढाइको व्यवस्थाले कुना-कुनाबाट छोराछोरीहरू लिएर बावुआमाहरू विद्यार्थीभर्ना गर्न स्कुलकलेज खोज्दै आउँथे । त्यसवाहेक सुपथमूल्यको वजारजस्तो चीज पनि ताजा पाइने गाउँगाउँबाट ताजा सागसब्जी फलफूल बेचविखन गर्न आएको पाइने सस्तो वजार आदि ।

## (२)

सायद त्यसैले होला गुल्मी जिल्लाका एक धनीमानी साहु सूर्यप्रसाद श्रेष्ठले आफ्नो छोरा शुभम् श्रेष्ठलाई गाउँको स्कुलमा पढाउँदा साह्रै बरालियो भनी SLC दिने बेलामा तानसेनको जनता विद्यालयमा ल्याई भर्ना गरिदिए। त्यसका साथै होस्टेलको पनि प्रवन्ध गरी वाबु आफू भने गाउँ फर्केर गए।

शुभम् पढाइमा राम्रो थियो। त्यसैले SLC 1st division मा पास पनि भयो। अनि कलेज join गरिहाल्यो। तानसेन नजिकैको गाउँबाट पनि प्रशस्त पढ्ने विद्यार्थीहरू आउँने गर्थे। यही सिलसिलामा रामपुर गाउँकी खनाल परिवारकीसुहाना पनि तानसेनमै डेरा लिएर ५ कक्षादेखि मोहन कन्या स्कुलमा पढ्दै गरेकी रहिछन्। जसको साथमा आमा पनि रहेकी थिइन्। त्यसकारण पनि उनलाई खासै अप्ठ्यारो भएन।

गाउँकी खान्दानी छोरी भएकीले शील-स्वभाव सानैदेखि अत्यन्त राम्रो थियो साथसाथै पठनपाठनमा पनि ध्यान दिने गरी आमाको आज्ञापालन गरी पढ्दै थिइन्। दिन वित्दै गयो उनी ठूली भइन्। अव कलेज पढने पनि भइन्।

सुहाना आई.ए.र शुभम् बी.ए.सी. पढन थाले। भाग्यको खेल भनौं, अचानक चिन्नु न जान्नु यी दुईको एक भेटपश्चात् माया साटासाट हुन गयो। यो कुरा कसैलाई थाहा थिएन। आजभोलि गर्दागर्दै यिनीहरूको भेटघाटको क्रम दिन-प्रतिदिन वढ्दै जान थाल्यो। एकदिन फोनबाट दुवैले कुरा गर्न थाले।

शुभम्– हेलो ! सुहाना !

सुहाना– हेलो ! शुभम् !!

शुभम्– सुहाना, I love you!

सुहाना– चुप...........चा........ऽऽ.....प......

शुभम्– सुहाना ! I'm Sorry!

शुभम्– सुहाना ! मैले गल्ती त गरिनँ ?

सुहाना– No. It's Okey.

शुभम्– यसरी हुँदैन, सुहाना !

तिमीले पनि reality भन्नै पर्छ ।

सुहाना– Oh, yes.

सुहाना– हेलो, शुभम् !

शुभम्– Yes: सुहाना, भनन्...........

सुहाना– I love you too !!

शुभम्– Oh, I'm very happy.

फोनमा यति कुरा भएपछि त यिनीहरूको प्रेमको रफ्तार पनि सुरू हुन थाल्यो । श्रीनगरको प्राकृतिक सुन्दर हरियाली वातावरणमा कलेजपछि प्रत्येकदिन भेटघाट हुनथाल्छ । भेटघाट त्यस रमणीय वातावरणमा आफूलाई रम्ने/रमाउने ठूलो मौका समेत पाउन थाले । त्यहाँ उनीहरूले आफूलाई मदमस्त भँवरासरी यौवनको जीवनको उपलब्धि त्यस सुन्दर प्रकृतिको काखमा जीवनको त्यसस घडीमा खुसी, आनन्द र आशाका रामोञ्चक परिदृष्यसँगै आशाका गीत गाउँछन् पनि । त्यसरी लडीवुडी खेल्दाको आनन्दमय जीवनले त्यहीँ हर्षविभोर हुँदै दुई आत्मा सदाको लागि एक हुने प्रण पनि गरे ।

*फूलबारी घुमौं न*
*माया लाएर*
*बनभरि रमाऔं न !*
*माया साटेर ।*

*खुसीले लाएको माया*
*फूलको साक्षीमा*
*सधैँलाई गरेको वाचा*
*रुखको छायामा ।*

*फूलबारी घुमौं न*
*माया लाएर*
*बनभरि रमाऔँ न !*
*माया साटेर ।*

*गीतको मीठो भाकामा*
*पोखिन्छ, पिरती हृदयमा*
*सँगाली राखौँ मुटुमा*
*बचाऔँ, अमृत रूपमा !*

*फूलबारी घुमौं न....*

तर यस्तो कुरा विस्तारै- एककान, दुईकान, मैदान ! हुँदै शुभम्का आमावाबुले पनि थाहा पाए पछि त सुहानाका परिवारले पनि थाहा पाउन थाले । वाहुनकी छोरीलाई नेवारको छोरासँग विवाह गर्ने २० औं शताब्दीको कट्टर पहाडीया समाजको कट्टर जातिवादको ढोंगमा अडेका, 'धन दौलत चाहिन्न; बरु जात चाहिन्छ' भन्ने परम्परावादीहरूको यस्तो परिवारमा पालेका सन्ततिको यो अवस्था देखेर दुवैतिरका परिवारमा सन्नाटा छायो । चारैतिर खलबली मच्चियो ।

वावु सूर्यप्रसाद श्रेष्ठ छोरा शुभम्लाई एम.एस. सी पढाउन T.U. मा भर्ना गर्ने उद्देश्यले काठमाडौं हिँडे । शुभम्ले T.U. मा भर्ना पाए र त्यहीँ अध्ययनरत भए । विस्तारै... पढाइ पूरा गरी राम्रो Division मा पास भइ आफ्नै सम्वन्धित विषयकै नोकरी पनि गर्दै गए । यही क्रममा शुभम्का आमाबावु सवै परिवार वसाइँ सरेर काठमाडौंमा घर किनेर वस्ने उद्देश्यले आए । शुभम्का भाइ र वहिनीको पढाइ पनि अगाडि वढाउनु त थियो नै ।

## (३)

अर्कोतिर सुहाना र शुभम्‌बीचको मायाप्रीति जति टाढा भयो उतिउति झाङ्गिन थालेको थियो । किनकि मुटुभित्र गाँसिइ सकेको माया किन टाढा हुन सक्थ्यो र ! फोन र चिट्ठीबाट दुःख-सुखका कुराहरू निरन्तर रूपमा अगाडि बढ्न थाले ।

उता सुहाना B.A. पास गरेपछि तानसेनकै त्रिभुवन कलेजमा एम.ए. पढ्न थालिन् । छुट्टीको मौका छोपी उनी काठमाडौं मामाकहाँ ठमेलमा आएकी थिइन् । दश दिनको विदा काठमाडौं विताउँदा फोनद्वारा समय मिलाई शुभमसँग ठाउँठाउँमा घुम्ने, साथै रमाइलो गरी समय विताउन थालिन् । कहिले सुन्दरीजल, कहिले वालाजु, गोकर्ण, गोदावरी जस्ता अनेकन गुप्त ठाउँहरूमा नाचगानमा समय वित्दथ्यो ।

*शुभम्–   निरमाया, तिमीलाई भेट्दा*
*माया मेरो फर्केर आयो !*
*माया, जालैमा !*

*श्रीनगरको डाँडाभरि घुमिफिरी गर्‍यौं,*
*खुसी-खुसी सधैंभरि माया लगाइ हिड्थ्यौं !*
*काफल पाक्यो ! कोयलीले बोलाएको बेला*

*रमाएर काफल खाँदै घुमी हिँड्ने गर्थ्यौं !*

*निरमाया.........!*

*सुहाना– मेरो माया सधैँलाई तिमीसँग साटेँ*

*हातेमालो गरी हिँड्न कसम मैले खाएँ ।*

*चोखो माया जानी राख, दाग लाग्ने छैन !*

*हाँसो सदा हुनुपर्छ आँसु आउँने छैन ।*

*निरमाया......!*

यसरी समय खुशियालीमा वित्दावित्दै सुहाना बिदा सकिएर घर फर्किन् । तर मामामाइज्यूले भने उनीप्रति शंका गर्न थाले । तिनी तानसेन पुगिन तर धेरै गाली पनि खाइन् । किनकि माइज्यूले गलत सम्बन्धको कुरा पुऱ्याइछन् । समय वित्दै गयो । सुहानाले पनि एम.ए. पास गरिन् ।

केही समयपछि नोकरीको तलासमा लाग्दा लाग्दै आफ्नै गाउँको प्रधानाध्यापक पदमा वहाल पनि भइहालिन् । त्यसपछि गाउँकै स्कुलमा शिक्षाको प्रचार-प्रसारमा लगनशील भई लाग्न थालिन् । अर्कोतिर उनीहरूको सम्बन्धमा पनि निकै वलियोपन आइसकेको थियो । उनी सुशील, नम्र स्वभावकी थिइन् । जसले गर्दा विद्यार्थीहरू उनीप्रति छिटो प्रभावित हुन्थे । तसर्थ त्यो स्कुलले पनि छिटो प्रगति गर्न सक्यो । विद्यार्थी सङख्यामा पनि दिन प्रतिदिन वृद्धि हुँदै गयो । गाउँको स्कुल भन्ने मात्रै हो तर त्यस वरिपरिका क्षेत्रका १६ ओटा गाउँको प्रतियोगितामा त्यस स्कुलले नै Top स्थान ओगट्न सफल भएको थियो । जसको कारण प्रत्येक वर्ष Award प्राप्त गर्न थालेको पनि थियो ।

यसरी सुहानाको नाम शैक्षिक क्षेत्रमा गरिमामय वन्दै राष्ट्रिय पदक प्राप्त गर्नेसम्म पुग्न सफल भयो । विस्तारै तिनको प्रगतिको माहौल बढ्दै गयो । अब स्कुलमा अरू टिचर साथीहरूलाई पनि स्थान दिने हेतुले Campus तिर Apply गरिन् । रिक्त पद पनि तुरुन्तै फेला पारिन् । तब स्कुलमा साथीहरूलाई जिम्मेवारी दिएर वेला-वेलामा हेरविचार गर्ने कार्यक्रम राखिन् । यसरी उनी Campus को Lecturer पदमा रहेर Teaching गर्न थालिन् ।

अर्कोतिर शुभम् काठमाडौं Job गर्दागर्दै Student Visa मा अमेरिकाको लागि apply गर्दा संयोगवश मौका मिलिहाल्यो । सुहाना तानसेन क्याम्पसमा

teaching पेसामा थिइन् । अचानक यो खबरले उनी सनन्न भइन् । धेरैबेरको कुराकानी पछि अमेरिका पुगेर खबर पठाउने निर्णय हुन्छ ।

शुभम्का आमाबाबु हर्ष र विस्मातले भरिएको आँसु लिएर विभिन्न सामग्री र टीका सगुनका साथ घरबाट विदा गरी एयरपोर्ट सम्म पुऱ्याउन गए । नौलो सपना बोकेका आमाबाबुहरू नौलो संसारमा पहिलोपल्ट छोरालाई पठाउँदा हुनसम्म दुःख पनि लागेको थियो । तर अर्कोतिर प्रगतिको मागदर्शन पनि त देखिएको थियो नि ! भन्ने पनि लागेको थियो । यही नौलो सपनाको बोझिलो आँचल बोकेर आमाबाबु दुवै  घर फर्केर आए ।

उता सुहाना पनि शुभम् प्लेन चढ्ने बेलामा एयरपोर्ट बाहिर गेटमा आँखाभरि विदाइको आँसु बोकी हातमा फूलको गुच्छा लिई उभिएकी थिइन् । तिनलाई देख्नबित्तिकै शुभम्को मायालु आँखा रसिएर आयो । ऊ एकछिन "किंकर्तव्यविमूढ" भयो तर एकैछिनमा पुष्पगुच्छा लिँदै भन्न थाल्यो :

शुभम्– 'सुहाना ! म छिट्टै आउँछु, मलाई पर्ख ल ।'

सुहाना– 'शुभम् ! यो के भनेको ? ईश्वरले मेरो जन्म नै तपाईँको लागि गरेको छ । म तपाईँको लागि र तपाईँ मेरो लागि हो । म जीवनपर्यन्त तपाईँकै प्रतिक्षामा रहने छु । यसमा दुई मत छैन ।

शुभम्– सुहाना ! सुहानाको हात चुम्दै 'तिमी धन्य छौ । म तिमीलाई कुनै अवस्थामा पनि बिर्सने छैन । अब विदा हुन्छु । प्लेनको समय पनि भयो । – Bye शुभम् । Bye सुहाना'

विदा भएपछि शुभम् मलिन अनुहार लिई सामानसहित प्लेन चढ्न पुगे । सिटमा बसेपछि सुहानासँगको प्रत्येक क्षणको रङ्गिला यादहरूले उसको मनमष्तिस्कलाई हर्ष र उमङ्ग दिँदै गयो । तर जब ऊ झसङ्ग हुन्छ तब भने ती सब चकनाचुर । फेरी उही प्लेनको आवाज र Bumping.

घरीघरी प्रत्येक क्षण ठाउँ-ठाउँका मनोरम दृश्यहरूको रमणीय रोमाञ्चकारी भ्रमणका क्षणले जीवनलाई खुशियाली भरिदिन्छ भने एकक्षणमै फेरी तहसनहस पारेर साम्य पार्छ । जेट प्लेनको लामो रफ्तार; प्लेन New York अमेरिकामा आइपुग्यो । साथै अमेरिकाको राजधानी वाशिङटन डिसीमा Plane Landing गर्दै

गर्दा सुहानाको फोन आएको महसुस भयो । तर शुभम्ले स्वीच off गरेको थियो । Land गरिसकेपछि Plane बाट निस्कनेवित्तिकै शुभम्ले सुहानालाई फोन गऱ्यो ।

शुभम्– हेलो ! सुहाना !

सुहाना– हेलो ! शुभम् !

शुभम्– 'सुहाना ! म वाशिंगटन डिसी आइपुगें। अव म मेरो साथी रामप्रसाद श्रेष्ठलाई फोन गर्दै छु। ऊ यहीं रहेछ। ऊ लिन आउँदै छ। उसैसँग म जान्छु तव तिमीलाई पछि फोन गरुँला है ! अव राख्छु ल । Bye !

बोझिलो हृदय लिएर सुहाना घरतिर फर्किन्।

पवित्र प्रेमको प्रवाहमा निश्चलता र निरन्तरता रही नै रह्यो । त्यसमा केही कमी हुन दुवैले दिएनन्। वरु मान्छे टाढा हुन गएकोले माया वढी नजिक हुन गयो । प्रत्येक हप्ता फोन आउँन थाल्यो । उता शुभम्को घरवाट उसको काकाको छोरा पनि पाँच वर्ष अगाडिदेखि वोस्टनमा वसोवास गरेको थाहा पाएर ऊसँग कुराकानी हुँदा; 'यहीं मकहाँ आए हुन्छ म व्यवस्था मिलाइदिन्छु' भन्ने खवर पाएपछि शुभम्को वावुले फोननम्वर समेत खवर दिई वोस्टनमै गई वसेर पढ्नू। किनकि आफन्ती भएको सजिलो हुन्छ परदेशमा, भनी पठाए। त्यसपछि साथी रामसँग विदा भई शुभम् वोस्टनमा ठेगाना लिई आए। उनीहरूले एयरपोर्टमा लिन आइपुगे । केही दिन वसेपछि University मा admission लिए ।

नेपालमा Degree गरे तापनि अमेरिकामा फेरी पढ्नैपर्छ। तसर्थ Degree गरेपछि मात्र PhD गर्न पाइने भएकोले उनले यो कोर्ष गर्न थाले । त्यसवाहेक job खोजेर एउटा High school मा Teaching job मा काम पनि गर्न थाले । यही क्रममा अमेरिका पुगेको एक वर्ष पुग्दैमा ग्रीनकार्ड आई पुगिहाल्यो । केही दिनसम्म त दाजुको परिवारसँग वसेका थिए पछि Apt. लिएर वसेर पढ्ने काम पनि गर्न थाले । यसरी पैसा पनि प्रशस्तमात्रामा कमाउन थाले ।

## (४)

. समयको रफ्तार बढ्दै जान्छ। उता सुहाना पनि नव यौवना नारी भइसकेकी छिन्। यस विषयमा तिनले आमाबाबुलाई सम्झाउँने क्षमता प्रशस्त थियो; तर केही संकोच पनि थियो। हुन त त्यस समयमा अन्तर्जातीय विवाह अत्यन्त घृणाजनक कुरा मानिन्थ्यो। साथै त्यसवेला त्यस वातावरणवाट फुत्कनु भनेको एउटा जीवन मरणवीच वाट मुक्त हुनु सरह थियो।

तर, भाग्यको खेल भनौं या समयले साथ दिएको भनौं अन्ततः नेवार परिवार र ब्राह्मण परिवारबीच मिलाप हुन गयो। अर्थात दुवै बीचको दीर्घ सम्बन्ध सदाको लागि कायम रहने निर्णय भयो। तर यो निर्णयले मात्र काम दिने भएन; यसको लागि अझ लामो समय पनि लाग्ने भयो। त्यो थियो- शुभम्ले नेपाल फर्कने Visa मिलाउने। अझ विवाह गरेरसुहानालाई अमेरिका ल्याउने Process समेत चलाउनपर्‍यो। उता सुहाना दिन गन्दै जीवन बिताउन थाल्छिन्। Process चलाएर पनि कति समय लाग्ने हो। पर्खनपर्‍यो उनले।

सुहाना वुद्धिमती र धैर्यशील नारी थिइन्। एक आदर्श आमाकी आदर्श छोरीको उपमा आफूलाई निश्कलङ्क दर्शाउँन चाहन्थिन्। हुन त तिनलाई प्रेमी वियोगको चोट हुनसम्म खट्केको थियो। तर के गर्ने ? समय पनि त आउनै पर्‍यो। उनी आफूलाई पढाई र सामाजिक सेवामा व्यस्त राख्न तल्लिन हुन्थिन् अनि नोकरीमा पनि। तर पनि उनले आफ्नो वचेको समयमा आफूलाई सम्हालेर नदी छेउमा मन वहलाउन जान्थिन् एक्लै गुनगुनाउँदै मनका वह पनि पोख्थिन; किनकि तिनको निम्ति सङ्गीत पनि अति प्रिय थियो।

तिनी नदी किनारमा गई आधा खुट्टा पानीमा डुवाएर दाहिने हातले पानी छचल्काउँदै गाउँथिन् ।

*तिम्रो र मेरो भेट हो यै भनी यसैलाई मान्दछु*
*नदीको जल सेंचन गरी तिमीलाई सम्झन्छु ।*
*गीत गाउँदै चरी घुम्छे बोकेर प्रेम-कहानी,*
*सपनी मात्र होइन यही नै हो मेरो विपनी !*
*नदीको जल निरन्तर बग्छिन् सलल-सलल*
*पवित्र प्रेममा नआओस् कहिल्यै खलबल ।*

त्यसपछि तिनी खुसी मनले घर फर्किन् । ठीक त्यति नै बेलामा शुभम्‌को फोन पनि आएको रहेछ । तिनी साह्रै खुसी भइन् । अब त शुभम्‌ले Degree गरेर Phd पो Join गरिसकेछ । झन् उसले राम्रो Teaching Job पनि पाइसकेको रहेछ । अमेरिकामा Teacher हरूको ठूलो इज्जतका साथै तलव पनि धेरै पाउनुका साथै धेरै सुविधाहरू पनि प्राप्त हुन्छन् । अब त उसको Position पनि राम्रो भइसकेको रहेछ ।

उनका दुवै घरका परिवारहरू साह्रै खुसी छन् । जोरीपारी कुरा काट्ने गाउँलेहरू पनि पहिले त, छि.... ! बाहुनकी छोरी नेवारलाई दिने ? भन्नेहरू अब 'त जातले के गर्छ र ? विदेशमा जाने भयो । बरु सबै राम्रो हुने भयो । भाग्यमानी रहिछ । ठीकै छ जातले के गर्दो रहेछ र ? खान दिन्न; लगाउन दिन्न ! जातसात आ...ऽऽ । मान्छे मान्छे सबै एउटै त हो ! भन्न थालेका छन् । त्यसले गर्दा समाजमा पनि केही परिवर्तन हुन थालेको महसुस हुन थाल्दछ ।

सुहाना, समाजमा सामाजिक कार्यकर्ता भई नारीको Leader को रूपमा काम गर्दैथिइन् । जसले गर्दा उनका पुराना विद्यार्थीहरू उनीप्रति अति प्रभावित थिए । ती सबैले उनलाई सहयोग गरेका छन् । जसले गर्दा नेतृत्वदायी भूमिका निभाउन सुहानालाई साह्रै सजिलो भएको थियो ।

अत्यन्त ज्ञानी शील-स्वभाव भएकी एकमात्र छोरी भएकीले आमाको अनुशासन र संस्कारमा पालेकी खान्दानी छोरीमा केही कुराको कमी थिएन । रूप-सौन्दर्य पनि त्यत्तिकै लोभलाग्दो भएकी सुहानामा सबैको नजर पर्दथ्यो तर तिनी केवल शुभम्‌की भएर रहने दृढसंकल्प गरेर धैर्यशील भएर रहिन् ।

गाउँका प्रत्येक वूढापाकाहरूले तिनलाई छोरीका रूपमा माया गर्दथे। किनकि तिनी घरवाट निस्कँदा सवै वुढापाकालाई दर्शन गर्दै सञ्चो-विसञ्चो सोध्दै, आफूले सकेको हेरविचारगर्ने समेत गर्थिन्। तसर्थ गाउँमा तिनलाई नचिन्ने र माया नगर्ने कोही थिएनन्।

गाउँघरका वूढापाकाहरूले जाडो महिनामा अगेनोमा आगो ताप्दै कुरा गर्न थाल्दथे, 'हेर न... हाम्रै गाउँकी छोरी सुहाना अव विहे गरेर विदेश जाँदैछे। ऊ गएपछि त त्यसरी रातदिन हामीलाई हेरविचार गर्ने अव को होला ! कहीँ जानपऱ्यो भने 'म जान्छु नि वुवा' भनी अगाडि आउँथी। केही नपुग छ भने 'म ल्याइदिन्छु नि आमा' भन्दै जान्थी। अँफ पैसा पनि लिन मान्दिनथी ! यस्ती ज्ञानी, दयाकी खानी छोरी कहाँ पाउने, हामीले !

कान्छा– "होइन दाइ ! पीर नगर्नुहोस् न ! नानी विहे गरी गए पनि एकैचोटी गएको गऐ गर्दिन नि ! आइहाल्छे नि वेला वेलामा। जस्तै, गोरे दाइको छोरा कृष्ण पनि त विदेश कहाँ भरे ?"

"हाँ..., दुवई गएको थियो। दुई/तीन वर्षमा आयो; फेरि गयो। त्यस्तै त हो नि ! फेरि हामी पनि त भनुँला नि दाइ ! होइन र ? चिन्ता नगर्नुस् है ! छोरीको जात विहे त गर्नै पऱ्यो। केटो राम्रो छ। हुने खाने र त्यसमाथि अमेरिकामा काम गर्ने भने पछि त के चाहियो र ! उसको जिन्दगी राम्रो होओस्।"

दाइ– "हो कान्छा ! ठीक भनिस्। जसले सवैको भलो गर्छ, उसलाई हामीले आशिष दिनुपर्छ। त्यसमाथि गाउँकी छोरी हाम्रै छोरी हुन्। तिनको जिन्दगी राम्रो होओस्। वेलावेलामा आएर हामीले भेट्न पाऔँ, त्यही हो। अरू के गर्ने त होइन र कान्छा ?"

कान्छा– "हो दाइ ! ठीक भन्नु' भो।"

सुहानाको समाज सेवाको उच्च भावना देखी प्रभावित भएर पञ्च वर्षीय योजनाअन्तर्गत महिला साक्षारता अभियान कार्यक्रम योजनाको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी पनि उनैलाई सुम्पियो। उनलाई निर्देशक र निरीक्षकको रूपमा पाँच वर्षसम्म सो कार्यक्रम चलाउने जिम्मा दिएपछि तिनले सक्रियतापूर्वक ग्रामीण-विकास सेवामा हात हालिन्। गाउँको वाह्र ओटा वडामा प्रत्येक वडामा

एक-एक वटा स्कुल खोली Teacher को व्यवस्था गरी पढाइ सञ्चालन गर्न सुरू गरिन् ।

आफू निर्देशक र निरीक्षकको रूपमा प्रत्येक स्कुलका निरीक्षण गरी नगरपालिकामा रिपोर्ट बुझाउँन थालिन् । त्यसपछि त गाउँका नारीहरूमा ७५% सफल भएको प्रमाण देखापर्न थाल्यो । जसले गर्दा सुहानाले यस प्रशंसनीय कार्य गरेवापत गाउँ विकास समिति र नगरपालिकाले प्रशंसा-पत्र दिनुका साथै उपयुक्त अमूल्य उपहारसमेत प्रदान गऱ्यो । जसले गर्दा समाजमा तिनी गौरवान्वित भइन् । जो देश र समाजको लागि नारी गरिमाको रूपमा नेपाली समाजको चहकिलो ऐनाको रूपमा देखा परिन् ।

फुर्सदको समय आमावावुको सेवा गर्नु र घरको काम गरेपछि त केही क्षण शुभम्को यादमा तल्लीन हुन्छिन् । अनि गाउँ वरिपरि पोखरी जङ्गल घुम्न निस्कँदा गुनगुनाउँदै मनको वह यसरी पोख्तछिन् :

*विरसिलो यो जिन्दगी !*

*पानीविनाको माछासरी*

*आइ देऊ है, पवनसरी*

*प्यास मिटाऊँ जीवनभरी*

*किन टाढा भो ? यसरी ।*

*प्वाँख छैन, उड्न चरीसरी*

*सम्झन मन लाग्छ, घरीघरी*

*उड्न पनि सक्तिनँ परीसरि*

*कसरी बिताऊँ दिन निशासरी ।*

*किन टाढा भो ? यसरी ।*

यसरी गुनगुनाउदै गर्दा करिवकरिव दिन झमक्क हुन थाल्छ । त्यसपछि उनी घरतिर फर्कन्छिन् । घर पुग्दा आमाले छोरीलाई सोध्छिन् :

आमा– "नानी ! यति अबेलासम्म तिमी कहाँ गएकी थियौ ?"

सुहाना– "त्यसै, ऊ: अलि परतिर पोखरी फुलबारीतिर घुम्न गएकी थिएँ, न्यास्रो लागेर ।"

आमा– "पीर नगर, छोरी ! ऊ आइहाल्छ नि ! उसलाई पनि त चाँजोपाँजो मिलाउनुपर्‍यो नि ! त्यसको लागि पनि समय त लाग्छ नि !"

त्यसरी छोरीलाई चिन्तित अवस्थामा देखेर घरीघरी आमा पनि पिरोलिन्छिन् । मनमनै आफै कुरा गर्छिन् । सुहाना अब २१ वर्षकी पूर्ण यौवनावस्थाकी केटी भइसकिन् । यस अवस्थामा अब छोरीलाई विदा गर्न पाए हाम्रो मन पनि शीतल हुन्थ्यो । फेरि कताकता मनमा शंका पनि लागेर पो आउँछ, विदेश गएका छन् केटा के भर ? होइन, शुभम् त्यस्तो केटो होइन एक मनले त्यस्तो भन्छ ।

तर, पापी मन घरीघरी नभएको कुरा सोच्न पनि थाल्छ, के गर्ने ? अबदेखि बिलकुलै यस्तो सोच्नुहुँदैन । बरु अब म सुहानालाई सम्झाउँछु कि "शुभम् असल केटो हो । जसले कुनै अवस्थामा पनि धोखा दिनेछैन । यो सत्य हो । ऊ अवश्य आउँछ । उसले विहे पनि गर्नेछ । यसमा कुनै शंका छैन ।" यसरी आफ्नो मनलाई बुझाएपछि नै सुहानाकी आमाले छोरीलाई बोलाएर सम्झाउन थालिन् ।

सुष्मा– "सुहाना ! तिमीले चिन्ता गर्नुपर्ने कुनै कुरा छैन; किनकि शुभम् सच्चा दिलको मान्छे हो । उसले धोका दिनेछैन । ऊ अवश्य आउनेछ । कार्यवश ढिला भए मात्र हो । ऊ आएर अवश्य तिमीलाई साथमा लिएर जानेछ । यसमा दुईमत छैन ।"

## (५)

उता शुभम् Phd complete गरेर University मै प्रोफेसरको पद पाएर काम गर्दै रहेछ । अब त किन चाहियो ! उसको गुणस्तरमा दुगुना वृद्धि भइहाल्यो । खाने बस्ने सारा व्यवस्थाको पनि चाँजोपाँजो अब राम्रोसँग भयो ।

अब कमाइको पैसा पनि बैंकमा बचत गर्न सुरू गर्न थाल्यो । त्यसो गरेपछि अर्को साल घर जाने व्यवस्था मिलाउने योजना गर्न थाल्यो । अब अर्को साल बिहे गर्ने पनि निश्चय भयो । शुभम् पनि अति जाँगरिलो केटा थियो । तसर्थ उसले आफ्नो duty सकाएर part time job पनि गर्ने गर्दथ्यो । कहिलेकाहीँ मन भुलाउन Vacation मा साथीहरूसँग राम्रो ठाउँ भ्रमण गर्न जाने गर्दथ्यो । त्यतिबेला अचानक कुनै दृश्य देखेमा ऊ टोलाएर बसेको हुन्थ्यो । साथीहरू कोही बल खेल्ने गर्थे भने कोही घुम्ने गर्थे । अचानक ऊ गायब भएकोमा "शुभम् खोइ ?" भन्दै साथीहरू खोज्दै हिँड्दा जङ्गलको बीचमा रमणीय दृश्य अनि पोखरीको छेउमा टोलाएर बसेको देख्ता अचम्म मान्दै जब आवाज निकाल्न मात्रै के लागेका थिए पछाडिबाट बाघको गर्जन सुनेर साथीहरू भाग्दै गरेको आवाजले शुभम इन्तु न चिन्तु भए । तर यसो फर्केर के हेरेका थिए, सिंहले हरिणको बच्चालाई आक्रमण गर्दै पो रहेछ । यो देखेर शुभम् ज्यान बचाएर भागे ।

सो ठूलो दुर्घटनामा भाग्यले साथ दिएको उसलाई महसुस भयो । दौड्दै साथीहरूकहाँ आइपुगेपछि सबै बयान गरे ।

शुभम्– "विनय ! र सवै साथीहरू सुन यदि मेरो भाग्यमा मेरी सुहाना नलेखेको भए म आज वाघको आहार हुने थिएँ । तिनकै भाग्यले गर्दा म वाँचेको हो । म तिनलाई कदापि विर्सन सक्तिनँ । मेरो हरपल हर क्षणमा तिनकै याद र सम्झना बसेको छ । त्यसैले म वाँचेको छु ।"

शुभम्का साथीहरू– "शुभम् ! यार, भोली नै नेपाल गएर भाउज्यूलाई विहे गरेर लिएर आ । हामी सवै मिलेर भव्य पार्टी गर्छौं । यार ! खुव रमाइलो हुन्छ । अव ढिला नगर, वुझिस् ? Ok"

शुभम्– "Ok. bye"

फर्केर आएपछि आफू वसेको Apt. को पछाडिपट्टि सानो लेक थियो । त्यहीं छेउमा वसेर एकछिन सुस्ताउँछ एकछिनमा गुनगुनाउँदै मनको वह पोख्न थाल्छ, यसरी :

*फूल फुल्यो निरमाया*
*फुलबारी माझमा ।*
*दिल बस्यो निरमाया,*
*कान्छीको छायाँमा ।*
*कमल फुल्यो निरमाया*
*तलाउको माझमा ।*
*भेट हाम्रो निरमाया*
*सपनी साँझमा ।*

यस्तै रोमाञ्चकारी गीतरूपी कल्पना गर्दागर्दै झमक्कै साँझ पऱ्यो । उसलाई थाहै भएन । अचानक, सबै साथीको आवाजले झसङ्ग पारेपछि, "ए ! रात परेछ" भनी उठेर गए । अनि खाना खाने तरखर गर्न थाल्दछन् ।

ठाउँठाउँको भ्रमणले पनि उनले धेरै अनुभव प्राप्त गरिसकेका थिए । साथै धेरै नेपाली दिदीवहिनी दाजुभाइहरूसँग पनि धेरै चिनापर्ची वढीसकेकोले सामाजिक भावनामा ठूलो असर परिसकेको हुन्छ । जसले गर्दा अमेरिकामा बसोवास गरेका नेपालीहरूमा के कुरो खाँचो छ भन्ने उनले पूर्णरूपमा महसुस गरिसकेका थिए । साथै विदेश बसेका नेपाली जनमानसमा शुभम् एक नेपाली युवा, विदेशमा वसेका

नेपालीहरूका समाजसुधारक नेपाली संस्कृतिका परिक्षेपक र प्रेरणादायक व्यक्तिका रूपमा सम्पूर्ण मानवका वीचमा प्रत्यक्षत: देखा पर्न खोजेको कुरा प्रस्ट देखिन लागेको प्रत्यक्ष हुँदै आएको थियो ।

समय बित्दै गयो २ वर्ष पछि शुभम्ले आफ्ना आमाबावुसँग फोनमा कुरा गर्न सुरु गऱ्यो ।

शुभम्– वुवा ! अव म यसपालि नेपाल आउँदै छु । यदि मिल्छ भने यसपालि व्यवस्था मिलाउनु होला ।

कृष्णप्रसाद– हेलो शुभम् ! साह्रै खुसीको कुरा यही सुन्न हामी प्रतिक्षामा थियौ । अव पूरा भयो । अब चिन्ता नगर छोरा । तिमी आउ छिटो हामी सबै व्यवस्था गर्छौं । ल... ए... शुभम्को आमा ल फोन गर्न आऊ ल शुभम्को खुसीको कुरा शुभम्ले के भन्दै छ ।

सरिता– हेलो छोरा ! अहो वल्ल भन्यौ तिमीले । हामी साह्रै खुसी भयौं । ल ल धन्धा नमान म सब ठीक पार्छु । तिमी छिटो आऊ यो भन्दा खुसीको कुरा के हुन सक्छ र । अब हामीले पण्डित वाजेलाई साइत पनि हेराएर ठीक पार्छौं ।

यो खबर क्याम्पसवाट फर्केका सुरज भाइ र वहिनी सारिकाले सुनेर खुसीले उफ्रदै 'हिपहिप हुर्रे' गर्न थाले । साह्रै परिवार हर्षले गदगद हुन्छ । त्यसपछि त किन चाहियो । सरिकाले सुहानालाई फोन गर्न पो थालिन्, हर्ष विभोर भइकन ।

सारिका– "हेलो ! सुहाना भाउज्यू । म सरिका.... ।"

सुहाना– "हेलो ! सरिका ! के छ, हालखबर, सञ्चै छ । निकै खुसीसाथ वोल्दैछौ । केही अवश्य छ कि क्या हो ।"

सारिका– "लौ, भाउज्यू ! किन नहुनु नि ! भएर नै त फोन गर्न खोजेको । योभन्दा खुसीको कुरा के होला र ? ल तपाइआफै कल्पना गर्नुहोस् त ... !"

सुहाना– "सरिका ! भन न छिटो, मलाई त खुल्दुली लाग्यो नि त !"

सारिका– "भाउज्यू ! थाहा पाउनुभो ? दाजु आउँदै हुनुहुन्छ । क्या मज्जा हुने भयो । अव तपाईं पनि तयार हुनुपऱ्यो क्या । वेहुली हुनुपऱ्यो, घुम्टो राखेर, अनि हामी सवैल हेर्ने रे ! क्या रमाइलो हुने भयो । अनि त तपाइहामीसँग सधैं

रमाइलो गरी वस्ने, क्या मस्ती हुने भयो भाउज्यू । सवै मिलेर City मल घुम्न जाने । वालाजुमा वनभोज जाने र खुवै रमाइलो गर्ने ल ! अँ, अनि त्यत्तिमात्रै पनि होइन ! India जाने, सिनेमा हेर्ने, त्यसपछि तपाईं दुवैलाई Honey Moon मा पठाउने, हामीले ल !

सुहाना– "Okey ल..., ल..., सारिका तिम्रो इच्छा पूरा गरूँला । वाँकी जम्मै कुरा भेटमा सवै कुरा गरौँला, ल । अनि तिम्रो पढाइ कस्तो चल्दै छ नि ?"

सारिका– "पढाइ राम्रै चल्दैछ, भाउज्यू । यसपालि 10+2 पूरा हुन्छ । भाउज्यू ! तपाईं आएपछि तपाईंसँग पढ्छु, भैहाल्छ नि !"

यति भएपछि त घरमा वुढापाकाहरूले पनि परिवारका दाजुभाइ वोलाएर सरसल्लाह गर्न सुरू गर्न थाले । हरेक परिवारले यस्तो कार्यमा आपसी सरसल्लाह गर्दा कार्य सजिलो तरिकाले सुसम्पन्न होस् भन्ने धारणा राख्तछन् । यसरी सल्लाह पनि भयो र आउँदो वैशाखको १६ गते अक्षय तृतीयाका दिन शुभमुहूर्तमा धुमधामले विहे सम्पन्न गर्ने निर्णय भयो ।

उता शुभम्ले सुहानालाई फोनवाट थाहा दिए । "अरे, शुभम् ! यो Surprise भएन । मैले त सवै कुरा तपाईंले भन्नुभन्दा पहिलेनै थाहा पाइसकें" भनी सुहानाले भनिन् । यो कुरा सुनेर शुभम् भन्छन् "अरे ! सुहाना ! यो कसरी यो हुनै सक्दैन ।"

"मलाई Surprize गर्न खोज्नु भाको ?"

शुभम्– "होइन, सुहाना ! पहिले व्यवस्था मिलाऊँ अनि भनूँला भनी विचार गरेको । अझ कुरा त छँदै छ नि !"

अव आमा-वुवाले तिम्रो घरमा खवर गर्नुहुन्छ, त्यसपछि सव ठीक हुन्छ ।

"Ok, Bye"

सुहाना– "Bye"

शुभम्– "Bye, सुहाना"

यसपछि त किन चाहियो गर्मी मौसममा फुलेको फूलझैं फरर गर्दै मुस्कान छरेर आनन्दले चरासरी हरररर उड्न थालिन् र खुसीले गुनगुनाउन पनि थालिन् :

*आयो रे ! आयो रे !*

*मेरो जीवनसाथी*

*विहगसरि म उड्दै छु*

*वन्‌वन चहारी ।*

*तिम्रो खोजीमा निहारी ।*

*वसन्तको खोजीभित्र*

*बेहुलीझैं घुम्टो उघारी*

*आयो रे.....!*

दिन बित्दै गयो । वैशाख छ गते अक्षयतृतीयाको दिन विवाहको निर्णय भए अनुसारै शुभम् चैत्र महिनाको १५ गते आइपुग्ने भनी सबभन्दा पहिले सुहानालाई फोन गरे ।

शुभम्– "सुहाना ! हलो सुहाना । कस्तो लाग्यो ?"

सुहाना– "शुभम् ! अहो, मेरो खुसीको सीमा छैन । अब यो म कसरी बताऊँ ? अब तिमीलाई । मेरो हृदयको बोझ कत्ति हल्का भयो भन्ने कुरा म कसरी दर्साऊँ ! भन त ? म भन्नै सक्तिनँ । बरु तपाईं छिट्टै आउनुहोस्, Please."

शुभम्– "Ok ! सुहाना, Thanks! Bye"

सुहाना– "Bye!!"

शुभम्– "बुवा । म चैत्र पन्ध्र गते नेपाल आइपुग्दै छु । त्यसपछि हजुरहरूसँग बसी भेटघाट र सल्लाह गरूँला अनि कामकुराको प्रबन्ध गर्नुहोला ।"

बुवा– "छोरा, शुभम् ! अहो ! ठीक गरिस्, छोरा केही दिन अगावै आयो भने धेरै राम्रो, किनकि यसो बसेर छलफल, डुलघुम र रमाइलो पनि गर्न पाइयो । पर्ख है ! तिम्री आमालाई पनि बोलाउँछु । ए: सरिता ! ल शुभम्‌को फोन ।

सरिता– "आएँ, आएँ । ए......! बाबु शुभम् ! के छ हालचाल पक्का तिमी आउँने भयौ हैन त ?"

शुभम्– "हो, आमा ! म पन्ध गते आइपुग्छु ।"

आमा– "लौ त, बावु ! हामीले यहां बन्दोबस्त मिलाउन सुरू गर्दैछौं, तिमी आइहाल । सब ठीक हुन्छ ।"

शुभम्– "हुन्छ, आमा ! अब म फोन राख्छु है ! म पनि आउँने तैयारी गर्छु । हवस् त, दर्शन आमा ।"

आमा– "चिरञ्जीवि भए ।"

यता शुभम् ठाउँठाउँबाट सामान खरीद गर्नेतिर लाग्न थाले । कहीं Jewellery, कहीं कपडा, कहीं Make up का सामान न कहीं Fancy र Decoration का साथै भाइबहिनीका कपडा इत्यादि ।

## (६)

समाजमा यसरी अन्तरर्जातीय विवाह पनि खुसीसाथ रमाइलो वातावरणमा हुन थालेकोमा साह्रै दङ्ग परेका थिए। हो, आजको यो समाजमा यस्तो परिवर्तन हुनु भनेको अवश्य हाम्रो देश अब विकसित अवस्थामा पदार्पण गर्दै छु भन्ने कुरा हामीले मान्नुपर्छ। यो कुनै कल्पना होइन, बरु वास्तविकता हो। अब यो युग २१ औं शताब्दीतिर पदार्पण गर्न थालेको बेला पनि यस्तो परिवर्तन हामीले गर्न सकेनौं भने जीवनको उपलब्धि नै त के हुन सक्छ र ? तसर्थ सभ्यताको विकास मानवजीवनमा अत्यन्त आवश्यक छ। यो नितान्त आवश्यक वस्तुलाई हामीले हृदयमा लिई अंकित गरी अग्रसर हुन सकेमा मानव जीवनको सफलता चर्मोत्कर्षमा पुग्न केही बेर लाग्दैन।

तसर्थ विकासरूपी जीवनको लक्ष्यलाई लिई हिँडेमा सदा मानवजीवनको बाटोमा केवल मुस्कान मात्र पाइन्छ न कि काँढा ! तसर्थ समाजमा हर्षोल्लास छाएको हो। किनकि मान्छेले अब बुझिसकेका छन् कि जात ईश्वरले बनाएका होइनन्, बरु मान्छेले आफ्नो सुविधा र स्वार्थको लागि हो।

भगवानले त केवल मान्छे सृष्टि गरे। त्यसमा केवल दुई जात थिए : पुरुष र महिला, बस, यत्ति। यी विविध जातिहरू बनाइ कस्ट दिलाउने काम ईश्वरले गरेनन्। सम्पूर्ण मानव संसारमा समान छन् भन्ने जान्नु नै मानवता हो। यसरी जिउनु नै नैसर्गिक जीवनको बोध हो।

उता सुहानाको गाउँमा सम्पूर्ण परिवारहरू खुसीले विह्वल छन् । सुहाना जस्ती एक आदर्श कन्या लक्ष्मी जसले गाउँमा धेरै सुधार गरिन् । वालवच्चा तथा अशिक्षित नारीमा जागरण दिइन् । गाउँको सम्पूर्ण सुधारका निम्ति । शिक्षाको ज्योतिसमेत जलाइन् । आज त्यसकै प्रतिफल स्वरूप राम्रै ठाउँमा जान लागेकी छन् । हामी सवै गाउँलेहरू तिनलाई शुभकामना दिन्छौं भनी सम्पूर्ण गाउँले दिदीवहिनी दाजुभाइहरू एकस्वरमा शुभकामना शव्द ढोकावाहिर गुन्जाउँछन् । त्यो सुनेर सुहानाकी आमा शुष्माले ढोका खोलेर के हेरेकी थिइन, सबै गाउँलेलाई एकसाथ ढोकासामु देखेर उनी चकित भई सोध्न थालिन् ।

शुष्मा– "होइन, हजुरहरू किन होला ?"

गाउँले– "ल, के भन्नुभा' हजुरले ? थाहा नपाफैं, हामी खुसीयाली मनाउँन आ' नि । शुभकामना दिन ।

शुष्माा– ए...!

ठीक छ, त्यसो भए विहेको बेलामा त हजुरहरूलाई अवश्य खबर दि हाल्छु नि !

गाउँले– "धन्यवाद !"

यता गाउँलेहरू आ-आफै गाउँभरिनै सरसफाइ र वाह्यसजावट गर्न तैयार भए । जसले गर्दा विवाह घरवालालाई सुविधा होस् । तसर्थ सुहानाका परिवारले पनि सन्तोष र खुसी मान्नु स्वभाविक हो । उनीहरू अत्यधिक हर्षित भएका थिए ।

अब सरसफाइ र सजावटको तैयारी सुरु भयो । गाउँको सम्पूर्ण तैयारी र घरको सजावटले गर्दा गाउँ मानौं स्वर्गपुरीको भान हुन थालेको थियो । अब, केवल राधालाई कृष्णको प्रतीक्षा थियो ।

आज-आज भोलिभोलि गर्दागर्दै विहेको समय पनि आउन लागिसकेको थियो । सुहाना त भन् दिन गन्दै थिइन् । तिनलाई एक-एक दिन पनि बहुतै भारी हुदै थियो । कहिले तारा गन्ने, कहिले दिन गन्न कहिले गुनगुनाउँने गर्दै समय विताउन थालिन् । दिन बित्दै गयो । चैत्र पन्ध्र सँगै शुभम् पनि नेपाल आइपुग्यो । सुहाना, आमाबावु सवैलाई फोन पनि आइपुग्यो । सबै खुसी भए । वावुआमा र भाइ एयरपोर्टमा लिन आए । धेरै दिनको भेट पछि खुसी बाँड्न अँगालोमा बाँधे । ट्याक्सी लिएर घरतिर लागे ।

शुभम्– "आमा ! हालखवर के-कसो छ ?"

आमा– "सवै ठीक छ वावु ! अव तँ आइस्, झन् सवै कुरा ठीकठाक भइहाल्छ नि ! बरु कार्यक्रम सुरू गर्नुपर्छ । एकदुई दिन आराम गर । त्यसपछि काम सुरु गरौँला । शुभम् अहिले तिमी निकै थाकेका छौ । गहनागृह तिर गएर गहनाहरू रोजेर मिलाउँला । केही त हामीले किनिसकेका छौँ । केही तेरो choise मा पनि लिऊँ भनेका छौँ । अनि कपडा पनि धेरै नै लिइसक्यौँ । अव केही छानौँला, सवैले भन्ने विचार गरेको ।"

शुभम्– "ठीक छ आमा ।"

शुष्मा– "शुभम् ! ल, हात मुख धो । अनि चिया नास्ता गर ।"

शुभम्– "हुन्छ, आमा !"

केहीवेर आराम गरेपछि आफूले ल्याएका केही सामानहरू आमावावु र भाइवहिनीलाई वाँड्दछ । त्यसपछि आमासँग सोध्छ :

शुभम्– "आमा ! एकछिन सुहाना कहाँ पुगेर आउँछु ल !"

शुष्मा– (हाँस्दै) "हुन्छ गएर आइज न ।"

तव केही प्याकेटहरू लिई सुहानालाई भेट्न उनी त्यहीँ पुगे । तर जव शुभम् गाडी लिएर त्यस गाउँमा पुगे, त्यो गाउँ त वेहुलीझैँ सजिएको देखेर शुभम् छक्क परे । खुसीले विभोर पनि भए । शुभम् आएको देखेर गाउँले केटाकेटी पछि लाग्न थाले । सुहानाको घर अगाडि गाडी रोकियो । भित्र पुग्नेवित्तिकै वावुआमा सवै खुसी भए हर्षले । सोधपुछ भयो । गरिमा केहीछिन लजाइन । शुभम्ले सवैलाई एकएकवटा Gift दिए । सवैजना खुसी भए ।

केहीछिन सुहानासँग वाहिर घुम्न जान वुवाआमासँग अनुमति पनि मागे । माग अनुसार दिए पनि । तर "जलपान गर्नैपर्छ" भनी कर गरे अनुसार दुवैले स्वीकार गरे । त्यसपछि चिया, समोसा, पकौडा, आमलेट आदि नास्ता गराए । सवै मिलेर आनन्दले खाए । त्यसपछि सुहाना र शुभम् Park तिर घुम्न गए । ती दुवै टयाक्सी लिएर दुई घण्टा पर नदी किनारातिरको रमणीय प्राकृतिक दृश्यावलोकन गर्न पुगे । त्यहाँ उनीहरूले हातमा हात मिलाई संगीतको मीठो धुनमा नृत्यु सुरु गर्न थाले । उनीहरूले गाएको गीत ।

*आयो ! आयो ! आयो !*

*मेरो माया*

*आजको दिनैमा ।*

*वसन्तले मेरो दिल बस्यो*

*रमाइलो साँझैमा ।*

*आयो....!....*

*गुराँस फुली रमाइलो*

*गाउँ वनभरि*

*डाँडाभरि घमाइलो*

*माया सधैं भरि ।*

*आयो......!......*

दिनभरि संगीतमय खुसीयाली मनाएर दुवैजना आफ्नो आफ्नो घर फर्कन गाडीमा बसे । शुभम्ले पनि सुहानालाई घरसम्मै छोड्नलाई पुगे । घरको दैलोमा पुगेपछि मुस्किलले हात छोडाइ Bye! गरे, दुवैले bye! Bye!! गर्दै गए ।

शुभम् घर पुग्दा झमक्कै साँझ भइसकेको थियो । घर पुगी केहीवेर आराम गरी सवै परिवार एकसाथ वसेर खाना खान सुरू गरे ।

सरिता– "शुभम् ! खाना खाएपछि एकछिन वसेर सरसल्लाह गरौं, हुन्न ?"

शुभम्– "हुन्छ, आमा !"

रातको खाना खाएपछि परिवारका सवै वसेर सर-सल्लाह गरे । गहना र कपडा ल्याउने सम्वन्धमा कुनै घरको परिवारमात्र गएर ल्याउने, कुनै सुहानालाई पनि रोजाउने निर्णय भयो । त्यसपछि रातको करिव ११ वजेपछि सवै आ-आफ्नो कोठामा सुत्न गए ।

भोलिपल्ट घरका परिवार भएर सुनका गहना, कपडा र अरू सामानको वजार गरेर आए । त्यसको फेरि भोलिपल्ट शुभम्ले सुहानालाई वोलाउन पठाइ दुवैजना सामान लिन गए ।

शुभम्– "सुहाना ! यो मलाई मनपर्ने 'नेगलेस' 'हार' तिमीले किन्नैपर्छ र लगाउनै पर्छ ।"

सुहाना– "Sure, किन नलगाउनु ! मलाई पनि अति नै मन पर्‍यो । त्यसमाथि तिमीलाई मन परेको वस्तु मैले कसरी अस्वीकार गर्छु र ! त्यसबाहेक योसँगै भएको सेट त झन् राम्रो रहेछ ।"

शुभम्– "सुहाना ! अब कपडा पसलमा जाऔँ; मनपर्ने विवाहको जोडा लिई हालौँ न । Janous cloth Store मा दुवैजना गएर न्यूरोडमै अत्यन्त सुन्दर विवाहको जोडा पनि लिएर घर फर्के ।"

सरिता– "शुभम् ! तिमीहरू दुवैजना बस्दै गर म नास्ता लिएर आउँछु ।"

सुहाना– "होस् आमा, भइहाल्यो, भोक पनि लागेको छैन ।"

सरिता– "हैन सुहाना ! तिमीसँग पछि त सधैँ बस्नु/खानु छ, तर बिहे हुनुभन्दा अगाडि पहिलोपटक मेरो हातबाट दिएको खान जरुरी छ सुहाना ! ल खाऊ !"

दुवैजना नास्ता गरिसकेपछि सुहानालाई छोड्न शुभम् गाडी Start गरेर पुऱ्याई फर्के । त्यो समय दुवैका लागि अत्यन्त मनोरम र रोमाञ्चकारी समय मान्नु पर्दछ, जीवनमा ।

## (७)

जब शुभम् सुहानालाई छाडेर घरतिर लाग्न गाडी मोड्दै थियो, अचानक अर्को गाडी आएको थाहै भएन । वरु जोडले ठक्कर दिँदा ठूलो दुर्घटना हुन गयो । शुभम् गाडीवाट खसेर जमीनमा वेहोस परे । एकछिनमा मान्छेको घुइँचोले घेर्न थाल्यो । को हो ? के हो भन्ने हल्ला हुन थाल्यो । कसो Cell Phone खसेको रहेछ । सुहानाको फोटोसहित नम्बर भेटियो । त्यहीँ पुलिस पनि आइपुगे । पुलिसले सुहानालाई फोन गर्ने वित्तिकै अत्तालिँदै वावुलाई लिएर उनी घटनास्थलमा आइपुगिन् । तुरुन्त गाडीमा राखी हस्पिटल पुऱ्याए । पुलिसहरू पनि उनिहरूका साथमा गएका थिए ।

सम्पूर्ण शरीर जाँच गर्दा एउटा खुट्टा नराम्रोसँग भाँच्चिएको रहेछ । अपरेशन गर्नुपर्ने भयो । शुभम्‌को आमावावुलाई खवर भएपछि उनीहरू आत्तिदै आए । आमावावुको हालत पनि खराव भइसकेको थियो । जवान र विहे गर्ने वेलाको छोरा । सुहाना पनि धेरैपटक वेहोस भइसकेकी थिइन् तर आफूलाई समय हेरी सम्हालिन् । किनकि यो तिनको सेवा गर्ने वेला छ ।

चार घन्टापछि होशमा आएपछि लामो सास फेर्दै सुहानातिर फर्केर आँखाभरि आँसु गर्दै याचनाको दृष्टि प्रस्ट देखिएको भान हुन्थ्यो । करिव २ महिनानै अस्पतालमा वस्नुपर्ने भयो । जवकि एक महिनामा काम सिध्याएर फर्कनु पर्ने थियो ।

अव सुहाना घर र अस्पताल दिनहुँ गर्न थालिन् । एक महिना त्यत्तिकै वित्यो । अझ १४ दिन वढी पनि भइसकेको थियो । रातको ८ वजे फोनमा

जोडको घण्टी बज्न थाल्यो । शुभम्लाई नउठाइकन सुहानाले फोन गरिन् ।... I'm Kelly Brown why are you so late ? are you going to forget me ? Please call me. I love you. I can't live without you.

यो message पाउनेबित्तिकै सुहानाको हातबाट अचानक फोन खस्यो । उनी अक्क न बक्क भइन । जुरुक्क उठेर Rest Room तिर गएर मनभरिको आँसु खसालिन् । फेरि मान्छेले थाहा पाउलान् भनी छिट्टैफर्केर आइन् ।

त्यो रात तिनलाई अस्पतालमा बस्न मन भएन । आफ्नो भाइ र शुभमको भाइलाई बस्न पठाएर टाउको दुखेको बहाना गरी घर आइन् । रातभर Kelley को कुराले मन साह्रै दुख्यो । शुभम्ले गरेको ठूलो भूल र आफू समर्पित भएकोमा जीवन अब नैराश्यताले घेर्नै भयो भन्ने कल्पनाले हुनसम्म चोट पर्‍यो । तिनले अब यो पनि निश्चय गरिन् कि म 'अब विवाह गर्दिन ।' दिनप्रतिदिन छोरीको खिन्नता बढ्दै गएको देखेर शुष्मा (तिनकी आमा)को मनमा प्रश्नको लहर बढ्न थालेको थियो । मौका छोपी सोधिहालिन् ।

शुष्मा– "सुहाना ! किन तिम्रो यो अवस्था ? शुभम् अब त धेरै राम्रो छ, किन धेरै चिन्ता गर्छौ ! अब केही दिनमा Discharge पनि भइहाल्छ । घरमा राम्रो हेर विचार भएपछि ठीक भइहाल्छ नि ।"

सुहाना केवल शून्यतामा निहारिरहेकी थिइन् । आमाले उत्तरको आशा राख्तैराख्तै त्यसै मौन हुनुपर्‍यो । प्रत्येक दिन अस्पताल जान्थिन्, सुहाना । अब त प्रत्येक दिन फोन आउँने गर्न थाल्यो । बिरामीसँग प्रश्न गर्न पनि कसरी गर्ने ? अन्तरमन पोलिरहन्थ्यो ।

समय आयो । केही ठीक भएपछि शुभम्लाई Discharge गरे । सधैं नै सुहानाको उज्यालो मुहारमा मौनता छाएको देखेर आमाबाबु मात्र नभएर अब शुभम्का आमाबाबु लगायत परिवारसमेत खिन्न भएका थिए ।

शुभम्लाई घर पुर्‍याएपछि सुहाना घर फर्कन निस्किन् । तिनलाई अब घर पनि जाउँ जस्तो लागेन अनि सिधै नदी किनारतिर लागिन् र छेउको ढुंगामा बसी खुट्टा पानीमा चिसो आनन्द लिँदै संगीतको सुरिलो तर दर्दमय आवाज गुनगुनाउन थालिन् :

*सम्झीसम्झी मायालाई*
*रोईरोई बिताएँ ।*
*बगाइलग्यो पानीले*
*निस्ठुरी त्यो छालले ।*
*कठैवरी ! जिन्दगानी*
*कसोरी यो बिताऊँ*
*मैलो तिम्रो जलले*
*कसरी तिर्खा मिटाउँ ।*
*भनिदेऊ तिमी आफै*
*कसोरी म बाँचुला ?*
*जिन्दगीमा चोखो प्रीति*
*कसोरी म पाउँला ?*

साँझ पनि झमक्कै हुन थाल्यो । गह्रुँगो मन लिई घरतिर लागिन् । उता बाबुआमा केही खबर नपाएर छट्पटिँदै ढोकाबाहिर बाटो के हेर्दै थिए, सुहाना टुप्लुक्क आइपुगिन् ।

शुष्मा– "छोरी ! यसवेलासम्म तिमी कहाँ गएकी ? हामीलाई साह्रै चिन्ता भयो । आऊ छिटो, आराम गर अनि खाना खाऊँ ।"

सुहाना– "हैन आमा मलाई भोक लागेको छैन । म सुत्न जान्छु ।"

आमाको मन साह्रै चिन्चित भयो । तैपनि कोठामा एक कप चिया र बिस्कुट लगेर खान दिइन । तर भोलि विहानसम्म त्यत्तिकै रहेछ ।

अव यता शुभम् पूर्णरूपले राम्रो हुँदै छ । आमाबाबुले पनि, "अव तिम्रो छुट्टी सकिने वेला भयो, अव विहेको काम छिटो सम्पन्न गर्नुपऱ्यो बाबु !" भन्न लागे ।

शुभम्– "आमा ! अव सुहाना र तिनको आमाबाबुसँग वसी सरसल्लाह गर्नुपऱ्यो किनकि अव जाने समय पनि आयो ।"

आमा– "हुन्छ बाबु ! खबर पठाउनुपऱ्यो ।"

खबर पाउनेवित्तिकै सुहाना डाँको छोडेर पो रुन थालिन् । हैन, आज के

भयो ? भनी तिनका आमावावु छक्क परे । प्रश्न गर्दा विलकुल मौन । केही खवर नआएकोले शुभम् आफै सुहानासँग भेट्ने मौका मिलाइकन त्यहीँ पुगे । सुहाना शुभम्सँग भेट्न पनि चाहिनन् । पछि वाहिर कहीँ भेट्ने कुरा राखी जाने निधो भयो । भोलिपल्ट मुनाल पार्कमा जान शुभम्ले गाडी लिएर आए । सुहाना गह्रुंगो मन गरी गइन् । पार्क अत्यन्त रमणीय मनमोहक थियो । वीचमा कमलपोखरी प्रकृतिले पनि परिश्रमले नै निर्माण गरेझैँ लाग्थ्यो । पार्कमा पुगेर दुवैजना चौरमा वसे । अनि शुभम्ले कुरा गर्न कोशिश गरे, तर सुहाना चुप !

शुभम्– "सुहाना ! किन तिमी यस्ती भएकी ? मैले पहिले त यस्तो अवस्था तिम्रो कहिल्यै देखेको थिइँन । भन न तिमीलाई के भो ? किन रिसाएकी ?"

सुहानाले अत्ति भएपछि "तपाईंको मोवाइल दिनुहोस् त" भनी मागिन् । अनि समय समयको फोन Message अनि Kelley ले गरेका कुरा दुवैको फोटो सवै Save गरेको दुरुस्त देखाइदिइन् ।

शुभम्– आ, यसै कारण ! यो केही होइन, सुहाना ! त्यहाँका केटीहरू यस्तै हुन्छन् । मैले केही गरेको छैनँ । सव छोडिदेऊ । अव म जानेवेला भएको छ अब विहे गरी हालौँ न । अनि म तिम्रो Process चलाएपछि लिन आउँनेछु ।" यसैगरी धेरैवेर सम्झाएपछि वल्ल हुन्छ भन्ने उत्तर आयो । यो कुराले शुभम् खुसी भयो । यो समाचार दुवैतिरका आमावावुलाई दिनुपर्छ भनी फर्केर सुहानाको आमावावुले भनेपछि दुवैजना खुसी भए ।

सुहानालाई छोडेर घर फर्केपछि आफ्ना आमावावुलाई पनि यो सुसमाचार दिए । उनीहरू पनि साह्रै खुसी भए । अब लगन देखाउनतिर लागे । लगनचाहिँ वैशाख १६ गते अक्षयतृतीयाका दिन  असल मुर्हूतमा र शुभलगन भेटियो ।

दुवैतिर धुमधामले सजावट सुरू भयो । विस्तारै दिन पनि आइपुग्यो । सुहाना एउटी छोरी मनग्य दाइजो दिएर बिहे सम्पन्न गरे । परिवार गाउँ साह्रै खुसी थिए । पुरा गाउँ उज्यालै उज्यालो थियो । आजका दिन दुई आत्मा एक भए । सुहागरातको दिनमा शुभम्ले सुहानासँग कहिल्यै अलग नहुने कसम पनि खाए अनि वल्ल सुहानाले शुभम्लाई घुम्टो खोली मुख हेर्न अनुमति दिइन् ।

त्यस रात, त्यो खुसीको क्षणको कसैलाई पनि वर्णन गर्न अति गाह्रो पर्ला । जहाँ जूनताराहरू र दीपावलीको उज्यालो एकसाथ उदय भएको भान हुन्थ्यो ।

अब सुहानाको हृदयमा खुसी सिवाय केही छैन । विवाहको कार्य समाप्त भयो । ठूलो धुमधामको पार्टी पनि भयो । Gift को त कुरा नै गरी साध्य छैन ।

विवाहको सम्पूर्ण कार्य, दुरान फर्काउने, सन्धी भेट गर्ने, अरू साधारण पार्टी, मुख हेर्ने जस्ता गृहस्थीमा गर्नुपर्ने सम्पूर्ण सामाजिक रीतिरिवाज सम्पन्न भएपछि शुभम् अमेरिका फर्कन तैयार भए ।

अब यता सुहाना अत्यन्त दुःखित हृदय लिई विदा गर्न तैयार हुनुपर्ने विछोडका अनगिन्ती वेदनाहरू बोकी कुन हृदयले विदा गर्ने भन्ने बोझिलो अन्तरमनलाई समयानुकुल सामाञ्जस्यता पैदा गरी ढोकादेखि धेरै परसम्म पुगेर विदा गरिन् ।

गाडीमा चढेर विदा भएको आधा घण्टापछि Airport पुगेर फोन गर्दा शुभम्ले, "सुहाना म प्लेन चढ्दै छु" भनेका थिए । जवाफमा सुहानाको आवाजमा भक्कानो फुटेर आयो । त्यसैमा Bye भनेर छोडे । शुभम् विछोडको बोझ लिएर अमेरिकाको Airport मा पुगे । त्यहाँबाट साथीहरूसँग Apt. मा गए ।

यता अमेरिकामा जब शुभम् आयो भन्ने थाहा भयो, तव Kelley ले फोन गरेको गर्‍यै गर्न थालिन् । मौका छोपी Apt. मा आएर दुःख दिन पनि थालिन् ।

शुभम्– "I do't like this Kelley. You are only my friend. I'm just married now. My wife's name is Suhana. Please ! don't disturb me."

Kelley– "It's wrong. I love you. You can't leave me? यी दुईको वीचमा झगडा पो हुन थाल्यो । MSC degree पढ्दाको साथी थिइन् Kelley, तिनले शुभम्लाई boy friend भन्थिन् । सो हिसावले विहे गर्नुपर्छ भन्थिन् तर शुभम्ले तिनलाई just friend मान्दथे । तर Kelley कुनै अवस्थामा पनि मान्नेवाली थिइनन् ।

Kelley– "I want to engaze with you. You are only my boy friend and future husband ruthless I will Kill you."

"Kelley ! यो धारणा गलत हो" भनी कत्ति सम्झाएँ, मेरो विहे भइसक्यो; अर्को विहे गर्नुहुन्न । मैले तिमीप्रति यस्तो सोचाइ राखेको छैनँ । किन यस्तो गरेको ?

Kelley– "This is my warning Subham."

Subham– "Kelley, I'm married. I can't marry you. Please leave me alone."

यस्तो भन्दा पनि तिनले नछोड्ने भई आखिर तिनको चोरी गर्ने Gang को मान्छेलाई पैसा खुवाएर Part–time काम गर्ने ठाउँ Gas Station पसेर शुभम्लाई Gun ले Shoot गर्न लगाए । तर धन्य ! भगवानको कृपाले टाउकोमा लागे पनि छलिहाल्यो । जसले गर्दा वचिहाल्यो । तुरुन्त पुलिस आएर अस्पताल लगेर केही दिनमा त ठीक भइहाल्यो । यो कुरा नेपालमा पनि खवर दिइएन । विस्तारै ठीक भएपछि काममा पनि हिँड्न लागे । Police ले सवै रिपोर्ट पाए पनि Robber र Kelley लाई समेत गिरफ्तार गरे । त्यसपछि शुभम्को जिन्दगीमा दखल दिने मान्छे भएन ।

शुभम्ले २ वर्ष अगाडि नै Green Card पाइसकेका थिए । Process चलाउन सुरु गरे । अव एक वर्षभित्र सुहाना अमेरिका आउँन सक्ने भयो । First Letter आएर अव 2nd Letter को प्रतिक्षा गर्नपर्‍यो । यो प्रतिक्षाको समय दुवैलाई अति मीठो थियो ।

## (८)

दिन बित्दै गयो । Visa पनि पाइहालिन् । अनि June को २५ तारिखमा सुहानाको California को Flight थियो । शुभम् Clalifornia को Airport मा लिन पुगे । दुवैमा हर्षको सीमा रहेन । एक-अर्कालै धेरैबेरसम्म अँगालो हालेर लामो प्रतीक्षाको मिठास लिन थाले । पछि गाडीमा बसी घरतिर लागे । बाटोभरि मीठामीठा कुरा गर्दै आइपुगे ।

शुभम्– "सुहाना ! हेर, अब यही हो हाम्रो घर । यहाँ डेरालाई Apt. भनिन्छ । यो पूरा घरजस्तै सुविधाजनक हुन्छ । अब हामी यहाँ बसेर नयाँ जिन्दगीको सुरुवात गरौँ ।"

सुहाना– "शुभम् ! जहाँ बस्यो, त्यहीं घर हो । सबैभन्दा ठूलो मनमा शान्ति चाहिन्छ । अब म पनि त काम गर्छु । तिमीलाई मात्र कामको बोझ दिन चाहन्न, शुभम् !"

शुभम्– "ठीक छ, सुहाना ! तिमी भर्खरै आएकी छ्यौ । केही दिन आराम गर । अनि Job को Try गर्ने होला ।"

नेपालबाट ल्याएका खानेकुरा मिठाइहरू दुवैले खाएपछि सुहानाले खाना बनाउने तरखरमा लागिन् । खाना खाएपछि धेरैबेरसम्म गफगाफ गरेपछि मात्र सुत्न गए ।

भोलिपल्ट बिहान उठेर नुहाइधुवाई गरेपछि चिया खाएर, "आज पहिलो दिन म तिमीलाई मन्दिर लिएर जान्छु । तैयार होऊ" भने । दुवै जना कृष्ण मन्दिर दर्शन गर्न गए । यहाँ धेरै Indian हरू भएकोले धेरै मन्दिरहरू बनेका रहेछन् ।

"कस्तो राम्रो कस्तो रमाइलो मनलाई पनि अति स्वच्छ पवित्र गरायौ" भनी सुहानाले भनिन् ।

शुभम्– "हो, सुहाना ! हामी हिन्दुहरूलाई मन्दिरमा भगवानको दर्शन गर्न पाए कति खुसी लाग्छ भनेरै साध्य छैन । ठाउँठाउँमा कहीँ कृष्ण, कहीँ देवी, कहीँ शिव मन्दिर इत्यादि । सुहाना ! तिमीलाई कस्तो लाग्यो ।"

सुहाना– "शुभम् ! भन न मत साह्रै नै खुसी र आनन्दित छु । मत झन पूजा गर्नुपर्ने मान्छेलाई मन्दिर भेटाएपछि के चाहियो ! खुसीको त सीमा नै छैन ।" मन्दिरबाट फर्केर आएपछि Indian Resturant मा पसेर खाना खाई घर फर्के । त्यो दिन छुट्टीको दिन भएकोले घरमा आई दुवैजना आराम गर्नतिर लागे ।

चारबजे पछि नास्ता खाएर घरको भान्साको सामानहरू Shoping गर्ने योजना गरी दुवै निस्के । बजारमा धेरै नेपालीहरूसँग भेट भयो । चिनाजानी पनि भयो । बच्चाहरू यहाँ आएपछि नेपाली नबोलेर अंग्रेजी मात्र बोलिरहेको देखेर सुहानालाई अत्यन्त लाज र संकोच लागेझैं भयो । उनले भन्न थालिन्, "दिदी ! तपाईंहरूको बच्चालाई घरमा त नेपाली बोल्ने-पढ्ने-लेख्ने सिकाउँनुपर्छ । आफ्नो देशको भाषा निर्मूल पार्नु हाम्रो धर्म होइन । बाहिर त अंग्रेजी बोल्ने र पढ्ने त छँदै छ । घरमा आफ्नो भाषा-संस्कृति संस्कारलाई निरन्तरता दिनुपर्दछ ।"

"बच्चाहरूले नेपाली नबोलेको देखेर मलाई त साह्रै खिन्न लाग्यो ।"

महिला– "के गर्ने ? बहिनी ! बसेर बच्चालाई पढ्न/लेख्ने सिकाउँन फुर्सद छैन । यहाँ त २४ औं घण्टा काममै दौड्नुपर्छ, के गर्ने ? बरु कहीं पढ्न पठाउन पाए हुन्थ्यो भनेझैं लागेको छ । के गर्ने । कही स्कुल खुले त पढाउन हुन्थ्यो ।

यो कुराले सुहानाको मनमा ठूलो खुलदुली मच्चियो । नेपालमा कैयौंलाई साक्षर बनाइयो भने यहाँ किन चूप लागेर बसौं ? मैले पनि यहाँ अवश्य जागरण ल्याउनुपर्छ भन्ने कुरा मनमा खेल्न थाल्यो ।

घरमा आएपछि शुभम्सँग यस विषयमा कुरा गर्दा, "हुन्छ किन नहुनु यो भावनाले अवश्य नेपालीमा जागरण ल्याउनेछ । अब छिट्टै सुरु गर है सुहाना ! म यसमा खुसी छु र साथ दिन तैयार छु ।" अब सुहानाले Shoping गर्न जाँदा नेपाली दाजुभाइ दिदीबहिनीलाई बच्चाहरूको लागि साथै हामी नेपालीको लागि पनि संस्कार -संस्कृति जगेर्ना गर्न संस्था र भाषा कक्षा खोल्ने सोच गर्दैछु । मलाई तपाईंहरू सबैको साथ चाहियो । बच्चालाई कक्षामा पुऱ्याउनपऱ्यो" भन्दा सबैले

साथ दिने प्रण गरे । पछि तिनी निर्भिकतापूर्वक सामाजिक कार्यमा अगि बढिन् ।

पाठशाला खुल्यो; कक्षा सञ्चालन पनि भयो । राम्रा शिक्षक-शिक्षिकाको व्यवस्था पनि भयो । सवै अभिभावकमा नयाँ जागरण आयो । त्यस कक्षामा पढाइ मात्र नभएर हिन्दु नेपाली क्रियाकलाप, चाडपर्व, अन्य विविध संस्कारको ज्ञान मिठासपूर्ण तरिकाले अपनाइयो ।

गुरु के हो ? आमावावु को हुन् भन्ने विषय वारे जानकारीका साथै पौराणिक रोचक कथाहरू सुनाउने परिपाटीले बच्चाहरूमा पनि नयाँ जागरण आयो । गुरूपूर्णिमाको दिन गुरुको पूजा र उक्त मान्यतावारे पूर्णरूपमा वच्चाहरूले जान्ने मौका पाउनुका साथै अनुशासनको पाठ सिक्ने मौका पाउँदा उनीहरू खुसीसाथ महिनाको प्रत्येक शनिवारको क्लासमा आउँन वढी रुचि गर्न थाले । यसरी अभिभावकहरू पनि अभिप्रेरित र उत्साहित हुन थाले । हुँदाहुँदा विद्यार्थीको संख्यामा पनि वृद्धि हुन थाल्यो ।

नेपालीहरू अत्यन्त प्रभावित हुन थाले । अभिभावक रामप्रसाद पोखरेल– “सुहानाजी ! देशप्रतिको तपाईंको आस्था, विश्वास र मायाका साथै विदेशमा नेपाली भाषाको जगेर्नाको लागि यत्रो क्रियाकलाप देखेर हामी अत्यन्तै प्रभावित छौं । तसर्थ हामी सबै नेपालीहरू मिलेर ‘Nepali Soeial Service Organization (INSSO)’ अन्तर्राष्ट्रिय नेपाली समाजिक सेवा संगठन (अ.ने.सा.से.सं. खोलौं । जसले नेपालीहरूको सम्पूर्ण किसिमको सेवा र सहयोग गर्न सकोस् । यसले नेपाली भाषाको जगेर्ना गर्ने र विदेशमा वसेका जन्मेका सम्पूर्ण वालवच्चा र मानिसका सम्पूर्ण क्षेत्रको विकासको कार्यक्रम गर्ने अठोट गर्दै कार्यक्रम सुरू गरौं । यो सबैको जिम्मेवारी सुहानाजीले नै वहन गर्नुपर्दछ । सवै सहयोग हामी गर्ने छौं । यति कुरा पास भएपछि वेलावेलामा खास नेपाली पर्वलाई ध्यान दिएर कार्यक्रम तय गरी सुहानाले सञ्चालन गर्न सुरू गरिन् ।

कार्यक्रम अत्यन्त मार्मिक र रोचक तरिकाले सम्पन्न हुन थाल्यो । यो कुरा चारैतिरका नेपाली साथै राजधानीमा या केन्द्रमा थाहा भएपछि यसलाई महत्व दिनुपर्छ भन्ने धारणाले केन्द्रले आफूअन्तर्गत राख्ने निर्णय गर्दै त्यसमा अन्तर्राष्ट्रिय थपेर INSSO, International Nepali Social Service Organization ‘अन्तर्राष्ट्रिय नेपाली सामाजिक सेवा’ संगठन अ.ने.सा.से.सं. भन्ने नाम राखेपछि यो संस्था पक्का संस्थाको रूपमा चल्न थाल्यो । यो विदेशमा भए पनि नेपालीले आफ्नो व्यक्तिगत संस्थाको रूपमा चलाउन थाले । जुन साह्रै गौरवको कुरा भयो ।

## (९)

अमेरिका आएको २ वर्षपछि सुहानाले प्यारी छोरी सुमना लाई जन्म दिइन् । जसले गर्दा तिनको परिवारमा फूलजस्ती छोरीको मुस्कानले नौलो जीवनको नौलो परिवेशलाई सुन्दरतम् आयामको उदयले जीवन वृक्षरूपी छहारी दिन सक्ने महसुस हुन थाल्यो । यसरी INSSO अ.ने.सा.से.सं. संस्था वृहत रूपमा भ्काँङगिन थालेपछि वेला वेलामा नेपालमा विशिष्ठ व्यक्तिहरूको आगमनलाई यस संस्थानले अरू वृहत वनाउने सुअवसर प्राप्त गऱ्यो ।

यस्तै क्रममा मानिसले मानिसलाई चिन्न कोसिस नगर्दा अथवा वास्तविकता नबुभ्दा असल कुरालाई पनि Negative ढङ्गले दृष्टि लगाउँदा मानवमा दानवको भावना पनि सृजना हुन जान्छ । जसले गर्दा संस्थाको सत्यतामा आघात पर्न कत्ति वेर लाग्दैन ।

यस्तैमा इर्ष्यालु छायाँ पार्ने प्रयासतिर लाग्ने तुच्छ भावनाका मानिसहरूले यसमा विकृति पैदा गर्ने जालो फैलाउन थाले । केही समय यस पवित्र र बहु उद्देश्शीय संस्थालाई अन्योलमा पारे पनि । तर सुहानामा दायित्ववहन गर्ने खुबी प्रशस्त मात्रामा थियो । तिनले विनम्रभावले यसमा भएका वास्तविकता र सत्यतालाई छर्लङ्ग पारिदिइन् । जसले गर्दा ती इर्ष्यालु भावनामा उल्टो परिवर्तन र जागरण आयो । जसले गर्दा एकता जरुरी रहेछ भन्ने धारणा मनमा जागृत भएपछि सवै सामन्य रूपमा आइपुग्यो ।

सुहाना भन्ने गर्थिन्– "Unity is strength" एकता नै वल हो । तसर्थ हामी सवै एक जुट भई अग्रसर भयौं भने पहाड पनि समतल मैदानको आभास हुन्छ । शुभम्ले पनि तिनलाई हर किसिमले सहयोग दिने गर्दथे । यसरी सुहानाले California मा सृजना गरेपछि ठाउँठाउँमा मानिसहरू यस रमणीय रोचकपूर्ण कार्यक्रमलाई हेर्न र सुन्न दर्शकका रूपमा आउँन थाले । जसले गर्दा यस संस्थाका सदस्यहरूको सङ्ख्यामा पनि वृद्धि हुन थाल्यो । एकले अर्को, अर्कोले अर्को गर्दागर्दै "Teach one each one" सिद्धान्त अपनाउन सुरू भएपछि यसको क्षेत्र निकै ठूलो वन्न पुग्यो ।

यसै गरी स्कुल क्षेत्र पनि दिन प्रतिदिन वृद्धि हुनुका साथै सङ्ख्यामा पनि वृद्धि हुन थाल्यो । जसले गर्दा विदेशमा पनि हाम्रा वालवालिकाहरूले सभ्यतामा उन्नति गर्नुका साथै आफ्नो राष्ट्रिय संस्कृतिलाई कहिल्यै नमेटिने कहिल्यै नमासिने चीरकालसम्म अविरल र अकण्टक राख्न सक्षम भएको प्रत्यक्षदर्शी हुन सफल भयो ।

अव सुहानाले यस संस्थाका उपशाखाहरू खोल्ने विचार गरिन् । यो विचार आफूमा मात्र सीमित भएर भएन; वाहिर जनमानसमा पनि आउँनुपर्‍यो । तसर्थ तिनले यो प्रस्तावलाई नेपाली विद्वान् प्रतिष्ठित व्यक्तिहरूसँग सर सल्लाह लिने विचार आवश्यकता ठानिन् । त्यसकारण नेपालका नगरपालिका जस्तै नेपालीहरूको संस्था 'Nepalese Association' सँग सम्पर्क राख्ने निधो गरे । एकदिन Weekend मा Meeting वोलाइन् । Meeting मा संस्थाका अध्यक्ष र शिक्षित, विद्वानहरू विशिष्ट व्यक्तिहरूको भेला भयो । सुहानाले जुन उद्देश्ले Meeting वोलाएकी थिइन् । यस विषयलाई अगाडि राखिन् । Sub Branch of Organization ठाउँठाउँको सानो City हरूमा sub branch खोलेर sub commity तैयार गरेर त्यहाँका जिम्मेवार व्यक्तिलाई वहन गर्ने अधिकार दिनुका साथै प्रत्येक तीन/तीन महिनामा एकपटक Meeting call गरी त्यसको गतिमा अझ सुधार ल्याउने जस्ता Progressive Idea हरू राखियो । जसलाई सम्पूर्ण व्यक्तिहरूले सहर्ष स्वीकार गरे । यति स्वीकृति पाएपछि धेरैवटा location मा कमिटी मिलेर निरीक्षण गर्ने व्यवस्था गरे ।

सोही अनुसार जिम्मेवार व्यक्तिहरूले सत्य र निष्ठापूर्वक कार्यसञ्चालन गर्न वचनवद्धताका साथ सुरू गर्न थाले । जुन अत्यन्त रोचक र क्रमवद्ध, उन्नतशील तरिकाले चाहिने कार्यक्रम सम्पन्न हुन थाल्यो ।

संस्था दर्ता भएपछि निजी कोषहरू पनि बन्न सुरू हुन थाल्यो । सुहानाले विदेशमा सुरू गरेको यो नेपाली सामाजिक संस्थालाई भविष्यसम्म चिरस्थायी राख्नको लागि अत्यन्त परिश्रम गरेर लागिरहिन् । यो संस्था दर्ता भएपछि यसको निरन्तरता सहयोगीहरूले काँधमा काँध मिलाएर कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने मात्र नभएर उक्त संस्थालाई अरू विकसित तुल्याउन निरन्तर परिश्रममा लागि रहिन् ।

सुरूमा सुहानाले Job पनि गरिन् । त्यसपछि यस संस्थाको प्रगतिको लागि ठाउँठाउँमा पुग्नुपर्ने सुझाव दिनुपर्ने इत्यादि कार्यले गर्दा Job छोडेर बस्नुपरेको थियो । साथै सुमनाको रेखदेखको जिम्मेवारी पनि थियो नै ।

## (१०)

दुई वर्षपश्चात स्वहम्को जन्म भयो। त्यस समय शुभमले आफ्ना आमाबावुलाई घुम्न बोलाएका थिए। पहिलो नातिको जन्मले आमाबावु साह्रै खुसी भएका थिए। त्यही मौका छोपी आउने अवसर पनि मिल्यो। विदेश आइपुगेपछि नातिनातिनीहरूलाई देखेर खुसीको सीमा रहेन।

सुहाना सासुससुराको मान-सम्मानका साथै स्याहारका सम्पूर्ण कुरामा अति खुसीसाथ ध्यान दिन्थिन्। तिनको धेरै परिश्रम र घरको पनि कामले गर्दा अति कमजोर भएकी थिइन्। ६ महिनापछि सासुससुरालाई राम्ररी विदा गरी पठाइन्।

केही दिनपछि सुहाना अचानक वेहोस हुँदा घरमा वच्चाहरू मात्र थिए। यस्तो अवस्थामा "सोझाको ईश्वर सहायक" भनेझैँ एकजना आफ्नै कमिटीकै सदस्य कमला जि.सी. कसो केही काम लिएर ढोकाको घण्टी वजाइन्। तर धेरैबेर वस्दा पनि ढोका नखोल्दा यताउति झ्यालवाट हेर्न थालिन्। दुई अन्जान वच्चा एकातिर छन्। तिनी भुइँमा लम्पसारै भएकी देखेर तिनीले सोचिन्। अवश्य केही घटना घटेको छ। तिनले आफै ढोका खोल्दा (चुकुल नलगाएको रहेछ) भित्र पसेर देखिन् -हालत खराव। तुरुन्त शुभम्लाई फोन गरिन्। खवरपाउने वित्तिकै शुभम् आइपुगे। घर आइपुग्ने विक्तिकै आत्तिदै "के भयो हँ ?। सुहाना ! तर सुहाना चुपचाप! तुरुन्त गाडीमा राखेर Emergancy मा लगे। admit पनि गरे। सुरूमा sline चढाइहाले। सम्पूर्ण test गर्दा रगतको कमीले गर्दा धेरै कमजोरी देखियो। एकछिन पछि फेरि वेहाशी सुरू भयो। तुरुन्तै रगतको धेरै नै आवश्यकता पऱ्यो।

शुभम्‌को आर्थिक श्रोतले नभ्याउँने भयो । अव के गर्ने ? आत्तिन थाल्यो ।

यो घटनाको कुरा California का नेपाली Association का अध्यक्षले थाहा पाएर यस्तो समयमा यस्तो प्रगतिशील महिलाको यस्तो हालतमा हामी सवैले सहयोग गर्नुपर्दछ भनी सवैलाई सूचना भयो । यो अवस्थामा सुहानालाई सहयोग नगर्ने त्यहाँ को होला ? साद्वैले सहयोग गरे । तुरुन्त रगत दिन सुरू भयो । दुई दिन वेहोश अवस्थामा भएकी सुहाना तेस्रो दिनमा वल्ल होशमा आइन् ।

सवै उनलाई भेट्न भनी लाम लागेका थिए । मृत्युको मुखवाट वचेकी सुहाना आज तिनको महानकार्यको फलस्वरूप सवैको सहयोग पोल्टाभरि भयो । उनी मृत्युको मुखवाट वञ्चित भइन् । करिव एक हप्ता हस्पिटलमा वसेर केही राम्रो भएपछि घर फर्किन् ।

उनले आफ्नो देशको मायामा सवैलाई योगदान पुऱ्याएकी थिइन् भने पुरस्कारस्वरूप तिनले पनि यस्तो स्थितिवाट बचाउने पवित्र प्रेमको ठूलो उपहार प्राप्त गरिन् । जसले गर्दा सबै खुसी थिए । घर आएपछि आराम गर्न थालिन् । भेट्न आउनेहरूको भीड लाग्न थाल्यो । घरमा जूस र फलफूल टनाटन हुन थाल्यो । एकअर्काले पालै पालो सहयोग पनि पुऱ्याउन थाल्यो ।

केही दिनपछि शुभम् काममा जान सुरु गऱ्यो । विस्तारै सुहानाको अवस्था ठीक भएपछि एक पटक नेपाल पुग्ने योजना वनाएर वच्चाहरूलाई सानो छँदासम्म घरमा छोडेर आउँने निश्चय गरी नेपालतिर लागे ।

नेपाल पुगेपछि Airport मा नेपालवन्दको कारण हाहाकार मच्चिएको रहेछ । लिन आउँनेहरू ठूलो समस्यामा परे । पुगेको चार घण्टा पर्खेपछि वल्ल भाइले एउटा ट्याक्सी लिएर आयो । छिटो दाइ ! छिटो भन्यो । छिटो हामी उम्किहालौं । आधा घण्टाको लागि खुलेको वेलामा । फेरी वन्द भैहाल्ला । चार घण्टापछि भित्र भित्रको वाटो भएर वल्ल घर पुगियो । सवै परिवार खुसी भए ।

यत्रो वर्षपछि २/२ ओटा नौला सुन्दर गुलावका कोपिला, फूलका दीप र दीया घरमा प्रवेश हुँदा अत्यन्त खुसीसाथ सवैले स्वागत गरे । त्यो घरमा आज फूलको रौनक छ । खुसीको गुव्वारा चारैतिर उडिरहेको छ । चारैतिर झलमल्ल वत्तीले नवागन्तुक कलिला मुनाहरूको स्वागत गर्ने सुअवसर प्राप्त भएको छ ।

छरछिमेकीहरू पनि सुहाना वच्चासहित आएको खवरले हेर्न आएका थिए । त्यो समयको माहौल नै अर्कै थियो । भोलिपल्ट सुहानाको आमावावुलाई भेट्न वच्चाहरूसहित गए । सुहानाका आमावावु साह्रै खुसी भए । विभिन्न परिकार वनाएर खुवाए । सवै वसेर हालखवर आदान-प्रदान गरे ।

सुहानाले आमासँग, "वच्चाहरू केही वर्षलाई छोड्न आएको हो आमा । तर म कसोरी छोड्न सक्छु होला र !"

शुष्मा– छोरी ! त्यसो नभन, अहिले वच्चाहरू साना छन् । तिनीहरूलाई काम गर्न उच्छ्वार हुँदैन । विदेशमा वसेर त्यत्रो नेपालीहरूको उद्धारकार्य गरेकी छौ । काम गर्न फुर्सद पनि त हुन पऱ्यो नि । यहाँ भए हामी पनि छौँ । जसले पनि ओहोर-दोहोर हेर्ने हुन्छ । विदेशमा त्यस्तो कहाँ हुन्छ र ! सुहाना ! तिमी पीर नगर । तिमी नभएर केही हुँदैन । वाजे वज्यैले झन वढी माया दिएर हुर्काउँछन् ।"

यो उमेर तिमीहरूको काम गर्ने, पैसा कमाउने हो । यहीँ पनि हो-शिक्षाको सार ! अरूलाई उपकार गर्ने, सहयोग गर्ने, देश र आफ्नो नाम, इज्जत सवै राख्ने, काम गर्ने वेला नै यही हो । त्यसकारण सानो छँदासम्म छोडेर जाऊ । कहिले सम्धिनीले कहिले त कहिले मैले गरेरै भएपनि हेरौँला । त्यसै हुर्कन्छन् । विल्कुल चिन्ता गर्नुपर्दैन । सवै ठीकठाक भैहाल्छ । तिमीहरू निश्चित भई आफ्नो उन्नति गर; हामी छँदै छौँ, यहाँ ।

## (११)

आमाको विवेकी कुराले सुहानालाई निकै प्रभाव पऱ्यो । अनि "हुन्छ आमा म त्यसै गर्छु" भन्न थालिन् । यत्तिकैमा खाना तैयार भयो । सबै बसेर खाना खानतिर लागे । त्यसपछि घर फर्केरसन्तोषको सास कोठामा गै फेरे । रातको एक बजेसम्म आपसमा गन्थन गर्दै कति बेला निद्रादेवीले बोलाइन, थाहै भएन । बिहान छ बजे आँखा खुलेपछि सुहाना उठेर स्नान, पूजा गरी सबैलाई चियानास्ता तैयार गरिन् । सुहानाकी सासु सरिता, सुहानाको व्यवहारले अत्यन्त प्रभावित भइन् ।

जोरीपारीसँग कुरा गर्नुपर्दा पनि मेरी सुहाना अति लच्छिनकी छिन् । तिनको बोलीचाली र व्यवहार सम्पूर्ण हेर्दा आँखामा राख्ता पनि नबिझाउने छिन् । यस्ती बुहारी पाउनु पनि भाग्य कुरा हो ।

सरिता– "सुहाना ! शुभम्ले भनेर पो थाहा पाएँ । अब धेरै परिश्रम नगर सधैँको एकैनाश हुँदैन । २/२ ओटा छोराछोरीकी आमा, अरू कामकाज धेरै कमजोर भइहाल्छ नि ! अब ठीकै गऱ्यौ । केटा केटीलाई केही वर्ष यहीँ छोडिदेऊ । पछि अलि ठूलो भएपछि लगे भइहाल्छ । केही चिन्ता लिनुपर्दैन । किनभने 'साउँभन्दा ब्याज प्यारो' भन्छन् । साँच्चै रहेछ, छोराभन्दा नातिनातिना हामो लागि प्यारो हुन्छ ।

आफू स्वस्थ भएर, राम्रो खाना खाएर बस । डाक्टरलाई पनि बेलाबेलामा देखाउने गर । करिब एक महिना जति बसेपछि बडो गह्रुँगो मनले बच्चाहरूलाई

छोडेर विदावारी भई एयरपोर्ट पुगे। भोलिपल्ट नै उनीहरू अमेरिका California मा पुगेर Apt. मा पुगे।

अब सुहानाले आफ्नो सामाजिक संस्थाको काम सुचारु रूपले चलाएर उन्नतिको मार्ग दोहोऱ्याउने योजना बनाउने तरखर तिर लागिन्। सोही अनुसार अनुकूल मिलाएर अध्यक्ष वोलाई सवैलाई कार्यविभाजन गरी सम्पूर्ण स्थानको निरीक्षण गर्ने व्यवस्थाको तैयारी गरिन्।

चार ठाउँको कक्षा (नेपाली भाषा) सञ्चालनको लागि चार निरीक्षकको छनोटव्यवस्था गरी प्रत्येक महिनाको निरीक्षणमा खट्ने व्यवस्था पनि गराइन्। साथै असल निरीक्षकले सम्मान पाउने र असल विद्यार्थीले पनि पुरस्कृत हुने व्यवस्था पनि गरिन्। जुन अत्यन्त उपयोगी सिद्ध हुन गयो।

यसरी नेपाली भाषासम्वन्धी क्रियाकलापको कायापलट भई सम्पूर्ण नेपाली अभिभाकहरू खुसी हुन थाले। सुहानाको कार्य दक्षतामा यही रफ्तारमा चल्दै गयो। एकदिन सुहाना खाना खाएपछि TV हेर्दै थिइन्। त्यस समय रातको दस वजेको थियो। शुभम् पनि सोफामा बसेर एकटक समाचार हेर्दै थियो। अचानक ढोकामा कसैले Knock गरेको आवाज आयो। तिनीहरू खोल्न डराए। फेरि पनि ढक्ढक् गरेपछि सुहानाले विस्तारै ढोका खोल्न पुगिन्। अचानक उही Kelley– "Where is he ? Where is he ?" भन्दै जवरजस्ती भित्र पसी। तिनको हातमा न्वाल थियो। त्यो देखेर सुहाना डराइन।

डरले काँप्तै Please! Please! गर्न थालिन्-सुहाना। Kelley सरासर गएर शुभम्माथि Fire गर्न Gun तेर्साइन। शुभमले पटकपटक सम्झाइ रहेछन्, तर तिनले मनपर्रि वोल्दै गइन। तैंले मलाई जेल पठाइस (You sent me jail, I never let you.) कसोकसो गरी सुहाना भित्रपट्टि कोठमा पसिन्। पुलिसलाई फोन गरी हालिन्। पाँच मिनेटभित्रै पुलिस आइपुग्यो। यदि पाँच मिनेट ढिला भएको भए हानिसक्ने थियो। पुलिस आएर तुरुन्त पक्रेर लग्यो। आखिर फेरि पनि तिनलाई जेल जानैपऱ्यो।

यस्तो अचानक घटेको दुर्घटनाले यिनीहरूको खुसीहाल जीवनलाई वेलावेलामा आतङ्कित तुल्याएको कुरा अव नेपालमा आमावावुले पनि थाहा पाएर तुरुन्त फोन गरिहाले। "सुहाना, शुभम्! ल तिमीहरू अब तुरुन्त नेपाल आइहाल। तिमीहरूलाई के कुराको कमी छ ? अर्काको देशमा वस्न, ज्यानलाई खतरामा

राखेर। ल आइ हाल।" यस्तो खवर आएकोले यी दुवैजना अचम्मै परे। कसरी नेपालमा यो कुरा थाहा भयो होला ?

शुभम्– "हैन, वुवा हैन, यहाँको कानुन झनै कडा छ। सानोतिनो अपराध भएमा पनि तुरुन्त जेल जानुपर्छ। न्यान्सीकोयो पटकपटकको दोस्रो अपराध भएकोले अब त झन १० वर्षको सजाय सुनाएको छ। हामी आफूले गरिरहेका कामहरू पूरा गरी अवश्य छिट्टै आउँला, बुवा ! धन्धा मान्नुपर्दैन।"

वुवा– "लौ, जसो गर्छौ, तिमीहरूको विचार।" सुहानाको कार्यको सफलताले केन्द्र तथा ठाउँठाउँमा Confrence मा तिनलाई भाग लिन वोलाउने गर्न थाल्यो। यस्तो कार्यक्रममा भत्ताको पनि राम्रो व्यवस्थाका साथै आफ्नो कार्य र प्रतिभाको पनि प्रभाव बढ्दै जाँदा तिनी निकै प्रसिद्ध र विवेकी नेपालकी छोरीको रूपमा चौतर्फी नाम चल्न थाल्यो। ठाउँ ठाउँका TV मा पनि तिनको बारेमा Highlight गरेर चर्चा हुन थाल्यो। यो खवरले दुवैतिरका आमाबावुहरू साथीसँगी र सम्पूर्ण नेपालीहरू नै अत्यन्त हर्षित भई शुभकामना पठाउन थाले।

सुहानाले आफ्नो सासुससुरालाई फोन गरी भन्न लागिन्, "बुवामुमा सवै कुरा ठीकै छ। हजुरहरूले चिन्ता गर्नुपर्दैन। शत्रु सबैका हुन्छन्। असत्य आफै दवेर जान्छ। शुभकामना पठाउनुभएकोमा सवैलाई धन्यवाद !"

नाम मात्र भएर पनि नहुँदो रहेछ ! विदेश आएपछि धन पनि कमाउनु जरुरत रहेछ। तसर्थ हामी केही वर्ष वसेर राम्रो काम गरी केही धन कमाएपछि अवश्य आउँनेछौं। किनकि नामको साथसाथै धन पनि अति आवश्यक वस्तु रहेछ।

हामी नेपाल फर्केर पनि यो देशसँगको लामो मित्रता अक्षुण्य राख्नुपर्दछ। कहाँकहाँका मानिसहरूलाई यो देशले बस्न-खान, काम गर्ने लगायत सम्पूर्ण किसिमको सुविधा दिएको छ। औषधी उपचारलाई त निशुल्क सुविधा प्रदान गरेको छ। यी सव पाउनु पनि ठूलो कुरा हो। सर्वसाधारणले पनि यो वैभवशाली देशमा प्रवेश पाउनुका साथै राम्रो नोकरी गरेर सुविधाजनक जीवनयापन गर्नु भनेको अत्यन्त ठूलो कुरा हो। यो देशमा यत्रो वर्ष वसेर यहाँको नून खाएपछि आफ्नोजस्तो लाग्नु पनि स्वभाविकै हो। गुन भनेको एकचोटि गर्न सकिन्छ भन्ने नेपाली उखान पनि छ। तसर्थ यो देशले हामीलाई ठूलो गुन लगाइ उपकार पनि गरेको छ। यसलाई विर्सनुहुँदैन।

## (१२)

सुहानाले मनमनै धेरै कुराहरू सोच्न थालिन् । अव यो देशसँगको माया पनि कम छैन । कसरी छोडेर जाने होला ? हैन.. हामी नेपाल गएर पनि यस्तै कार्यक्रम नेपालमा पनि गर्ने व्यवस्था गरेर यस संस्थालाई व्यवस्थित बनाउन सक्छौं ! यदि यसको Scope Uast वनाउन सकेमा अवश्य नेपालको लागि Add को रूपमा केही आर्थिक-श्रोत पनि मिलाउन सकिन्छ । अवश्य यो सोचलाई प्राथमिकता दिएर हामीले काम गर्नुपर्ने छ । जसले गर्दा नेपाल र अमेरिकाको सम्वन्ध नै यस संस्थाद्वारा दीर्घजीवी भएर रहन सक्ला ।

यस विचारलाई अझ गौण तरिकाले सोचविचार गरी निर्णय लिइसकेर शुभम्लाई आफ्नो भावना पोखिन् ।

शुभम्– "सुहाना ! तिम्रो विचार भावनाको कदर गर्दछु । किनकि नि:स्वार्थ भावना लिएर दुई देशको माया र सम्वन्धलाई अक्षुण्य राख्नुजस्तो कुरा, सानो होइन । यसमा म खुसी छु । यही सम्वन्धको कारणले पनि हामी यो देशम' आउँने/जाने अवश्य गरौंला । यो नातालाई भविष्यसम्म मात्र नभएर पुस्तौं पुस्तासम्म अविर गति दिने वाटो प्रशस्त पाऔंला ।"

यस्तो निष्कर्षमा पुगेपछि सुहाना तैयारीमा लाग्न थालिन् । अनि शुभम् पनि । शुभम्ले घरलाई केही वर्षको लागि Rent मा दिने व्यवस्था मिलाउन थाले र Vacation सहित केही महिना थपेर ६ महिनाको विदा गरी नेपाल जान तैयार भए । भने सुहानाले आफ्नो Job मा ६ महिनाको लागि आफ्नो साथी सुशीलालाई

जिम्मा दिएर जाने तैयारी गरिन्। सम्पूर्ण चाँजोपाँजो मिलाएर आएपछि गर्ने कार्यक्रमको एविल वनाई November मा दशैं पर्ने गरी नेपाल जाने टिकटको व्यवस्था भयो।

अनि Nov. १२ तारिखका दिन तीन बजेको Flight का लागि Airport मा पुगे। दुई दिनपछि आफ्नो प्यारो मातृभूमि नेपालको भूमिमा टेकी आल्हादित भए। घर पुगेर केही दिन आराम गरी परिवार र साथीभाइसँग भेट्न निस्कने विचार गरे। जब घरवाट निस्कन मात्र थालेको थियो। नेपाल-वन्दको हल्ला फैलिएको रहेछ। निस्केर वाटोमा Taxi लिने भनी हेर्दा केही चल्दैन। फसाद पऱ्यो! त्यत्तिकै फर्किएर आए। आजआज भोलिभोलि गर्दा गर्दै १६ दिनसम्म हड्ताल र वन्द। सारा ठाउँमा हाहाकार, नेताहरूको भाषण, पुत्ला जलाउने, अहो! आफ्नो देशमा, ग्रुप ग्रुपमा नारावाजी, गालीगलौज, कति खुसीले आफ्नो देशमा गएर आरामसाथ घुमौँला/वसौँला भनी गएको झन् कल्पना विपरित यो विडम्वना देखेर झन् छटपटि हुन थाल्यो।

## (१३)

धुलो मैलोले वातावरण अन्धाधुन्ध छ। दुकान बन्द, खानेकुरा किन्न केही पाइँदैन। पैदल हिँडेर पनि आकस्मिक चीजहरू किन्न, लिन नपाइने। जुलुस दिनरात। गालीगलौज छ-मनपरी ! यसरी कुर्लिरहेको देख्दा साह्रै नराम्रो लाग्यो। आफू आफूमै यस्तो नराम्रो भावना राख्नु नै ठूलो अत्याचार ठानी साह्रै चिन्तित हुन थालियो। नेपाल आमाको सुन्दर सपनालाई पूरा गर्न सम्पूर्ण नेपालीको कर्तव्य हो भने यो अत्याचार आफू आफैमा आघात ! यो कस्तो विडम्बना।

सुहानाले फेरी सोच्न थालिन्, 'संविधान देशको मुटु हो।' तर संविधान विनाको देश' भन्दा पनि हामी नेपालीलाई लाजमर्नु कुरा हो। विदेशमा बस्ने नेपालीहरूको लागि त झन् मान्छेले के भन्ला ? विदेशीहरूले आफ्नो देशको बारेमा सोधेमा के जवाफ दिने ? साह्रै खेद लाग्छ। अब सुहानालाई आफ्नो देशको स्थिति देखेर हुनसम्म गाह्रो लागिसकेको थियो। यस्तो स्थिति किन आयो ? सबै ठूलाठूला देशहरूले नेपाल एउटा सानो र गरिब देश भनी विभिन्न विषयका लागि करोडौं पैसा पठाएका छन्। त्यसबाहेक पनि ऋणको रूपमा पनि विदेशीसँग नलिएको होइन; तै पनि सुधार हुनुको सट्टा देश विकृतितिर गइरहेको छ।

सुहाना अब शुभम्सँग सल्लाह लिएर केही गर्नुपर्‍यो भन्ने सोची शुभम्सँग कुरा गर्ने विचार गरिन्। सुहाना– "शुभम् ! हाम्रो देश नेपालको यो स्थिति देखेर मलाई साह्रै दुःख लागेको छ। अब हामीले नेपालमा ठूला पदका पदाधिकारी, समाजसेवी, शिक्षाविद्हरूलाई बोलाई Meeting call गरौं। त्यसपछि जे हुन्छ,

योजना तैयार गरौं ।" शुभम् "हुन्छ, सुहाना ! मलाई तिम्रो विचार अति मिलेपछि स्थानीय नगरपालिकाको ठूलो हालमा सम्पूर्ण गन्यमान्य व्यक्तिहरूको जमघट गराएर विभिन्न प्रस्तावमा निर्णय हुन गयो ।

यो निर्णयमा आफ्नो भाषा-संस्कृति र सभ्यताको प्रकृति विषयका ठाउँठाउँमा Confrence गर्ने निर्णय भए अनुसाद्वै दिन निश्चय गर्ने कुरा पारित भयो । सबैले स्वीकृति दिई हल गुञ्जने गरी ताली पिटेर स्वीकार । अव आउँने वैशाख नयाँवर्षदेखि यो Confrence गर्ने निर्णय भएपछि विभिन्न District मा कार्यक्रम हुने निश्चत भयो । ठाउँठाउँमा Confrence मा त्यस ठाउँका जनताहरूसमेत स्रोताका रूपमा वस्न पाउने गरी वोलावट भयो। सवैले यो कार्यक्रमलाई अति मन पराए । मानिसहरूको भीड लाग्न थाल्यो । कुनै पनि लिङ्ग र जातिभेदको परिपूर्ण भएको यो Confrence मा देशको उन्नतिको लागि माग राखिएका धेरै वुँदाहरूलाई पास गरी सरकार समक्ष राख्ने निर्णय भयो ।

ठाउँठाउँमा Confrence वाट (Pass भएका कुरालाई उन्नतिको द्योतक सम्भी सरकार मार्फत लागू गरिने भयो । जुन अत्यन्त उपयोगी सिद्ध हुन पुग्यो ।

अव वैशाख १५ गतेदेखि ठाउँठाउँमा योजनावद्ध रूपले कार्यक्रम पनि सुरू हुन थाल्यो । तर देशको स्थिति त्यस्तै हो, जानीजानी मानिसहरू खानेकुरामा मिसावट गर्छन् भनेझैँ मानिसहरू आफैमा जातीय रङ्गभेद आदिका कुराहरूमा तनाव सुरू गर्न थाले । जसले गर्दा हड्ताल र वन्दले गर्दा कार्यक्रमहरू वन्द गर्नुपर्ने स्थिति देखा पर्‍यो । कैयौं दिनको वन्दले कार्यक्रमलाई अन्योलको स्थितिमा पार्‍यो । यो त छँदै छ त्यस माथि अरू समस्याहरू पनि थपिन थाले ।

हामी आफू आफैमा ईर्ष्यालु मानिसहरूको कमी छैन । भ्यागुतोका खुट्टा तान्ने प्रवृत्ति हामी नेपालीमा भएकोले ईर्ष्यालुहरूले यिनीहरूको कुरा काट्न वाँकी राखेनन् । शुभम् र सुहानाले अमेरिकामा पैसा कमाएर पुगेन । अव यहाँ पनि जाल फैलाउन सुरू गर्दैछन् भन्न थाले ।

यस्ता नकारात्मक कुराले पनि मान्छेमान्छेमा वैमनस्यता जागी अन्योलता सिर्जना गर्न सक्ने स्थिति पनि देखा पर्न थाल्यो । यो कुरालाई वुझेर ठाउँठाउँमा गई यसवारे वास्तविकताको जानकारी दिएपछि जनतामा भरोसा जाग्यो । त्यसपछि त कार्यक्रम लागू गरी सञ्चालन गर्न केही वेर लागेन ।

बेलाबेलामा सबैलाई सहयोग र प्रेरणा दिने कामले शुभम् र सुहानाप्रति सबैले ठूलो विश्वास गर्न थाले। संसारैमा विश्वासजस्तो ठूलो कुरा केही छैन। भगवान्को भनाई पनि छ। यो शास्त्रीय सिद्धान्त पनि हो।

जहाँ विश्वास छ, त्यहाँ प्रेम छ; जहाँ प्रेम छ, त्यहाँ शान्ति छ; जहाँ शान्ति छ, त्यहाँ सत्य छ; जहाँ सत्य छ, त्यहाँ ईश्वर छ; जहाँ ईश्वर छ, त्यहाँ आनन्दै आनन्द छ।

यस्तो भरोसायुक्त भगवान्का Kotation सबै मानवहरूका लागि अति उपयुक्त हुन पुग्यो। जबसम्म एक-अर्काका या वस्तुमा विश्वास गरिन्न तबसम्म कुनै काम गर्न सफलता प्राप्त हुन्न। सत्कार्यमै भगवान् निहीत भएको भान हुन्छ। जसले सबैलाई शान्ति र आनन्द दिन्छ। तसर्थ विश्वासजस्तो ठूलो र हृदयलाई छुने कुरा केही छैन। यो प्राचीनतादेखि अनन्ततासम्मको ध्रुवसत्य कुरा हो। मानव-मानवमा द्वेषजन्य ईर्ष्याले आफैलाई द्रवित बनाउँछ भने विश्वासले समन्वय कायम गराउँछ। आत्मीयताले भरोसा दिन्छ। यही मानवीय ठूलो गुणले गर्दा विश्वसनीयताको जागरणले गर्दा सुहानानिर्मित कार्यक्रमहरू सुचारु रूपले सञ्चालन हुन थाल्यो।

एक वर्षको अवधिभित्र यस कार्यक्रमले अत्यधिक सफलता प्राप्त गऱ्यो। त्यसपछि फेरि अमेरिका फर्कने निधो गरे। बच्चाहरू (सुमना र स्वहम्) केही वर्षको लागि नेपालमै छोड्ने निर्णय लिई तिमीहरू गह्रुँगो हृदय लिई फेरि अमेरिकाका लागि टिकट लिन पुग्छन्।

आमाबाबुहरू साह्रै दुःखित हृदयसाथ बिदा गर्न तैयार हुन्छन्। किनकि अब यस्तो भइसक्यो कि ! यिनीहरू यस्ता भइसके कि ! यिनी हाम्रा परिवारका मात्र भरोसा नभएर देशको पनि खम्बाको रूपमा भइसकेका छन्। यिनीहरूलाई यहाँ बस्न कर लगाउनु हाम्रो मूर्खता पनि हो भन्ने कुरा राम्ररी अब हामीलाई थाहा भइसकेको छ। तसर्थ शुभकामनाका साथ बिदा गर्नु हाम्रो कर्तव्य हो भन्ठानेर बिदा गरी सन्तोषको सास फेर्छन्।

अमेरिका आएपछि यहाँका कतिपय कामहरू अलपत्र परेकोमा अब सुधार गर्न जरुरी सम्झी त्यस कामतिर लाग्न थाले। अर्को मुख्य काम पनि दुवैले सोच्न थाले कि यो घरमा आएर न्यान्सीले दुःख दिइरहने भएकोले क्यालिफोर्निया कै अर्को

City मा वसाइँ सर्ने आवश्यक ठाने। तसर्थ त्यो घर वेचेर नयाँ घरमा जाने निर्णयतिर लागे। १०/१५ दिनमा यो घरसम्वन्धी कार्यक्रम पूरा भएपछि संस्थालाई अझ क्रियाशील बनाउनमा समय दिन थाले। साथै समय मिलाएर Job पनि गर्न थाले।

समय वित्दै गयो। संस्थामा धैरै जेहेन्दार र उत्साहित व्यक्तिहरू देखा पर्न थाले। सवैमा उक्त सहायोगी भावनाको जागरणलेगर्दा यो संस्था अत्यन्त विकसित अवस्थामा पुग्यो। चार ओटा शाखामा चलाइएका भाषाविज्ञानका कार्यक्रम पनि निकै प्रगतिमय हुन पुग्यो। हुँदाहुँदा नेपाली भाषा नवोल्ने कुनै पनि केटाकेटी देखा पर्न गाह्रो भएन। त्यत्ति मात्र नभएर लेख्न/पढ्न साथै सम्पूर्ण नेपाली संस्कार अपनाउँने व्यवहारमा ल्याउँने क्षमता सबैमा देखा पर्न थाल्यो। जुन अत्यन्त सफलताको द्योतक मान्न सकिन्थ्यो। तिनीहरू यहाँसम्म जान्ने भए कि नेपालीमैं चिट्ठासमेत अत्यन्त कलापूर्ण तरिकाले लेख्नसक्ने हुन थाले।

## (१४)

यो सफलताले सुहानाको जीवन कीर्तिमय वन्न पुग्यो। केही वर्षपछि आफ्ना वच्चाहरूलाई पनि ल्याउने Process चलाउँन सुरू गरे। तिनीहरू पनि अव केही ठूला भइसकेका थिए। तिनीहरूलाई ल्याएर स्कुल भर्ना गरी पढाउनको लागि व्यवस्था सुरू गर्न थाले। वालवच्चाहरू स्कुल पढनथाले अनि अव दुवैजनाले Business को योजना वनाई Food Store सहितको Gas Station किनेर सुरू गरे। विदेशमा आफ्नो थोरै पैसा लगानी गरेर Loan ले Business गर्न पाइने सुविधालाई लिएर धेरैले कारोवार गरी फाइदा उठाउन सक्छन्।

सोही अनुसार व्यापार फस्टाउन थाल्यो। अब एउटाले भएन, अर्को व्यापार पनि ल्याउने इच्छा भयो। एकातिर सामाजिक कार्य छँदै छ, अर्कोतिर व्यापारको रफ्तार चल्यो। व्यापारवाट आयस्रोत वढ्दै गएकोले सोचाइमा पनि वृद्धि भयो। जसले गर्दा अर्को Business थप गर्ने घरायसी सल्लाह भएपछि यहाँ चल्ने र धेरै राम्रो दैनिक Use मा आउँने Business चलाउने विचार गरे। त्यो हो–Fast Food, जसलाई यहाँ Dunkin पनि भनिन्छ।

अव Gas Station र Donkin दुई ओटा ठूलो Business सुरु गर्न थाल्यो। Fast Food अत्यन्त उपयोगी सिद्ध हुन थाल्यो। मानिसको ताँती वढ्न थाल्यो, विदेशमा। नेपालीझैं विदेशीहरूले खाना घरमा पकाएर खाँदैनन्। कामवाट आएपछि रेस्टुराँमा खाएर घर आइ सुत्ने गर्छन्। तसर्थ यस्तो Fast Food वढी चल्तीमा भएको पाइन्छ। यो Business ले गर्दा सुहाना र शुभम् दुवै साह्रै Busy

हुन थाले । यतिमात्र नभएर चारैतिर धेरै Tension पनि हुन थाल्यो ।

नेपालबाट आमाबाबुहरू कराउन थाले । 'भयो अब छोडिदेऊ विदेश अब फर्केर आऊ' भन्दै उनीहरूले आपसमा कुरा गर्न थाले । 'देख्यौ सुहाना ! भयो-फसाद अब, कसरी जाने ? यत्रो काम, यत्रो ठूलो व्यवसाय कसरी चट्ट छोडेर जाने । यति धेरै पैसा लगानी गरिएको छ । त्यसमाथि केटाकेटी भरखरै पढ्दै छन् । कसरी पढाई बिगारेर जाने । अब भएन आमाबाबुसँग राम्ररी सल्लाह माग्न पर्‍यो, सुहाना ।'

सुहाना– "हुन्छ, सल्लाह गरौँ न ! मलाई लाग्छ-अवश्य सल्लाह दिनुहुनेछ । यता कारोबार धेरै भयो कामदारहरू पनि अनेक थरिका छन् । कोही गतिलै छन् त कोही आफ्नो फाइदा उठाउने पनि देखियो । यस्ता कुराले पनि समय-समयमा Tension भइरहन्छ ।"

एकजना महिला क्यासियर दुई वर्षदेखि जिम्मेवारी लिँदै गरेकोमा ठूलो विश्वास मानेकै हो । तर तिनले बीचबीचमा बिना बिल पैसा उठाएर निजी पकेट भर्दी रहेछ । धेरै समयसम्म यस्तै रफ्तार चल्छ । कार्यवश शुभम् त्यहाँ पुग्दा त्यो भेद थाहा भएपछि उसले तिनलाई Warning दिँदा तिनले उल्टै पुलिस बोलाइन् । तिनी साह्रै जब्बर महिला थिइन ।

शुभम्ले सारा कुरा पुलिसलाई बताएर बील नदिकन पैसा फाइदा उठाएर खाने गरेको कुरा बताएपछि पुलिसले तिनलाई नै सजाय दिनुपर्ने कुरा हुन्छ । Owner सँग निहुरेर माफी मागेर तिनलाई त्यस कामबाट Fire गरिदिए ।

काममा धेरै समस्या भएकोले धेरै Tension हुन थाल्यो । यो बोझ अब कसरी हटाउने होलाजस्तो पो हुन थाल्यो । पैसा भए पनि-भएन, नभए पनि-भएन । मानिसलाई केहीगरी सुख छैन भने झैं यिनीहरूको सुखी जीवनमा पीर चिन्ताहरू बढ्न थाल्यो ।

सुरू सरूमा यति अर्थ पैसा कमाउन कति परिश्रम गर्नु परेको थियो । दिन के रात के, दौडादौड ! उता सामाजिक कार्य, यता नोकरी, सबै गर्दागर्दै समयले साथ दिएर आज यो उच्च अवस्थामा पुगेको हो तर पनि यस्तो राम्रो शहरमा केको कमी छ र ! बेलाबेलामा परिवार सहित ठाउँठाउँका पार्क, समुद्रबीच आदिमा घुम्न जाँदा त्यो आनन्दको असीमित बर्णन गरेरै साध्य छैन । अमेरिकाको प्रसिद्ध नामी

शहर क्यालिफोर्निया त्यसैको Main City Los Angles हेर्दाहेर्दा नथाक्ने सुन्दर View हरू अपरिचित सौन्दर्य खचाखच प्रकृतिले वास गरेको त्यो ठाउँ ती रोमाञ्चकारी जोडीले प्रेमालाप गरेर हिँड्ने सुन्दर पार्क र विचहरू यस्तो ठाउँमा सुहाना र शुभम्ले धेरै समय आफ्नो जीवनलाई आल्हादित वनाउन सफल भएका थिए। त्यो ठाउँमा पनि गएर वसेका थिए। दृश्यावलोकन गर्नका लागि।

कमी केही कुरामा थिएन। विस्तारै समय बढ्दै गयो। क्रियाकलापहरू पनि वढ्दै गए। जीवन व्यवहारमय बन्न पुग्यो। जन्जाल बढ्दै गयो। घरव्यवहार परिवार सङ्ख्या पनि वढ्दै गयो। पारिवारिक कार्य र झमेला साझै व्यवहार पनि वढ्दै गयो। यी सब कुराले गर्दा जुन मनमस्तिष्कमा स्वच्छपना थियो। त्यसमा विस्तारै कुहिरो लाग्दै आयो। आफ्नो परिवारमा बेमेल हुन सुरू हुन पनि थाल्यो।

## (१५)

नेपाल शुभम्को भाइ सुरजनले आफ्नो Business मा पाँच करोडको घाटा भयो। Bank ले पकडेको छ दाइ यो सब निकास गर्न पैसा पठाउँनुपर्‍यो भन्ने खबर गर्‍यो। यो खबरले शुभम् सननन भयो। अब के गर्ने ? त्यत्रो पैसा कहाँबाट निकाल्ने सब पैसा Business मा लागेको छ। कैयौ त यहाँ Bank सँग Loan छ, यहाँ अब कसरी, के गर्ने ? भनी शुभम्ले टाउको समात्न थाल्यो। कति दिनसम्म त घरबाट निस्कनु, खानु पिउनु, सबै बन्द गरेर ढोका थुनेर बसे। सुहानाले कति सम्भाइन तर मानेनन्।

धेरैबेर पछि साह्रै भए पछि शुभम्ले आफै भन्न थाले, "सुहाना ! अब त केही खाना खाएर आज केही टाढा Park तिर घुम्न हिँडौं सबै भएर हुन्छ ?" भने तब सुहानाले शुभम्को घुम्ने Mood देखेर, "हुन्छ नि। किन नहुने ? धेरै Tension लिएर बस्ने होइन। खाना खाएर सबैजना जाऊँ। अलि टाढा Fresh पनि भइन्छ नि !" भनिन्।

त्यति कुरा भएपछि सबैले खुसी साथ खाना खाएर छोराछोरी Fresh भई राम्रो लुगा लगाइनकन गाडीमा बस्न गए। शुभम्ले भने पनि आज केही Tension लिने होइन आरामले घुमेर आउने हो भनी बाटो लागे। अनि गाडीमा राम्रा राम्रा नेपाली, हिन्दी, अंग्रेजी सिडीहरू र खानेकुराहरू जुस पूरा राखेर बन्दोबस्त गरी सबै हँसमुख गरी सिडीहरू बजाउँदै हिँडे।

राम्राराम्रा नेपाली गानाका सिडी वजाउँदा सबै मस्तले झुम्न पनि थाले । छोराछोरी दुवै खुसीले विह्वल थिए । वाटोभरि जुस विभिन्न ड्रिङ्कसहरू खाँदै पिउँदै स्नाक्स लिँदै गर्दा खुसीको सीमा नै थिएन । त्यो रमणीय दृश्य कसको मन नहर्ला र ! ठूला त भइहाले । वच्चाहरूसमेत त्यसै मख्ख । त्यो समुद्री किनारको विचको दृश्य समुद्री चरा Swimming दृश्य, Sunbath को दृश्यले जङ्गलको दृश्यहरू सुन्दरताको त वर्णन गरी साध्य नै छैन ।

अचानक पछाडिपट्टिको गाडीले यस्तो जोडले Attack गऱ्यो, गाडी गएर अगाडिको पर्खालमा टोक्किन पुग्यो । एकै छिनमा दुई/तीन तिरवाट पुलिसको लाइन र मानिसको लाइन हुन थाल्यो । त्यति मात्र हो र Ambulance त कति ओटा जम्मा हुन थाल्यो । मान्छे दौडादौड गर्न थाले ।

सबै अचेत होलान्, कसैलाई पत्ता नै छैन । शुभम्ले शरीर आफ्नो हो कि ! अरूको-उसलाई थाहा छैन । तर दिमागमा कल्पनाका क्यूहरू लागिरहेका छन् । अविरलता पूर्वक ती कल्पनालाई उनले एकक्षण पनि रोक्न सकेका छैनन् ।

नेपाल, अमेरिका, मान्छे, समाज, व्यवसाय र प्रकृति र सारा एक छत्र विस्तारै निलो आकाशमा कालो बादल छाउँदै छाउँदै....।

| | |
|---|---|
| निशा निरूपण (मुत्तक सङ्ग्रह) | –सीता शर्मा |
| हिउँको तन्ना (वि.सं. २०६५) | –कृष्ण व्रजगाई |
| मृदुलका गजल (वि.सं.२०६६) | –हस्त गौतम |
| गौतमका गजल (वि.सं.२०६६) | –हस्त गौतम |
| गंगाका गजल (वि.सं.२०६७) | –गंगा लिगल |
| मनका तरेलीहरू (वि.सं.२०६६) | –विमल गिरी |
| सम्झनाको तरेली (ई.२०१०) | –गीता खत्री |
| लालीगुराँस (ई.सं.२०११) | –गंगा लिगल |
| डाँडामा जून छ (ई.सं.२०११) | –प्रदीप चापागाईं |
| तिर्सनाका छालहरू (ई.सं.२०१२) | –उमा सुवेदी |
| मुक्ति (२०१२) | –होमनाथ सुवेदी |

**प्रबन्ध: (Essays)**

| | |
|---|---|
| मनोद्वेग (वि.सं.२०५९) | –वामा ढुङ्गाना |
| सम्झनाको झरी, अमेरिकामा घरीघरी | –प्रमिला शर्मा |
| मरुभूमिको पीडा (वि.सं.२०६१) | –खेमनाथ पौडेल |
| गुड-बाइ अमेरिका (वि.सं.२०६२) | –गोविन्द गिरी 'प्रेरणा' |
| एथेन्सको झरी (ई.२०१०) | –केदार 'संकेत' |
| बेलायती आँगनमा गोर्खाली (२०११) | –विकलचन्द्र आचार्य |
| 'वासुदेव लुईंटेल स्मृति ग्रन्थ' (२०११) सम्पादन | –डा.सुषमा आचार्य |

**कथा (Stories)**

| | |
|---|---|
| सम्झनाका अनुभूतिहरू (ई.सं.२००४) | –कमला सरूप |
| प्रेमको खोजीमा (ई.सं.२००४) | –प्रमिला शर्मा |
| उन्यू फुलेपछि (ई.सं.२००४) | –बाबा बस्नेत |
| चिरिएको मुटु (ई.सं.२००७) | –होमनाथ सुवेदी |
| यन्त्रवत् (ई. २००७) | –कृष्ण वजगाईं |
| रोडम्याप (ई.२०१०) | –कृष्ण वजगाईं |
| ऐना (वि.सं. २०६५) | –गंगा लिगल |
| बेकर स्ट्रिटका दुई आँखा (कथा सङ्ग्रह) | –जया राई |
| पात्रहरूसँग एक साँझ (२०११) | –लारा |
| सपना (स्वप्न-कथा) (२०१२) | –होमनाथ सुवेदी |

**समालोचना (Critisism)**

| | |
|---|---|
| नव छायाँवादको छवि (वि.सं.२०६५) | –होमनाथ सुवेदी |

| | |
|---|---|
| समुद्रपारका समालोचना (वि.सं. २०६५) | –होमनाथ सुवेदी |
| अनेसास पुरस्कृत कृति विवेचना (२००५–सम्पादन) | –होमनाथ सुवेदी, मोहन सिटौला |
| स्रष्टा र डिजिटल अन्तर्वार्ता (वि.सं.२०६७–सम्पादन) | –कृष्ण वजगाई |
| अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन (वि.सं.२०६८-सम्पादन) | –गीता खत्री, होमनाथ सुवेदी, प्रकाशनेपाल |
| गंगाका समीक्षा | –होमनाथ सुवेदी |
| अनेक डायस्पोरामा देवकोटा २०१३ (प्रस्तुत) | – होमनाथ सुवेदी (प्रधान-सम्पादक) |

**पत्र-साहित्य (Letter Literature)**

| | |
|---|---|
| आप्रवासीका पत्र (ई.सं.२०१०) | –होमनाथ सुवेदी |
| सानो नेपाल डायस्पोरामा (ई.सं.२०१०/११) | –होमनाथ सुवेदी |
| पत्र-मञ्जुषा (ई.सं.२०१०११) | –गंगा लिगल |
| युरोप यात्राका अनुभूतिहरू (२०११) | –सुमल कुमार गुरुङ्ग |

**बालसाहित्य (Childrens Literature)**

| | |
|---|---|
| बाल वगैंचा (वालसाहित्य) | –विमला निरौला |
| बादल र ऋतु (बालसाहित्य) | –विमला निरौला |
| वालमनको सेरोफेरो (वालसाहित्य) | –विमला निरौला |
| चन्द्रमामा खरायो (वि.सं.२०६५) | –डा. सुषमा आचार्य |
| SUPER GAL-(2008) | -Preeya Subedi |
| Snow fall (2010) (poem collection) | -Himnanshu |
| Colorful boy (2011) (memories) | -Himnanshu |
| Voices of Liberty | -Anamol Sitaula |

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका प्रकाशित कृतिहरू

उपन्यास: **(Novel)**

| | |
|---|---|
| चौराली (वि.सं.२०५१) | –होमनाथ सुवेदी |
| अङ्कुर (वि.सं.२०५३) | –होमनाथ सुवेदी |
| आज फेरि बेड फेरिन्छ (वि.सं.२०६१) | –निलन कुमार थेच्वमी |
| च्यात्न नसकेको चिठी (लघु-उपन्यास)(वि.सं.२०६३) | –डा.दीपक खड्का |
| यमपुरीको महल (२००७) | –होमनाथ सुवेदी |
| चिरायु (२०10) | –तीर्थराज पाण्डेय 'आँसु' |
| अमेरिका (२०1३) प्रस्तुत | –गंगा लिगल |

कविता-सङ्ग्रह : **(Poem collections)**

| | |
|---|---|
| प्रवासी स्वर (ई.सं.१९९८) | –होमनाथ सुवेदी |
| प्रणय-प्रसङ्ग (वि.सं.२०५८) | –बामा ढुङ्गाना |
| इच्छाहरूको मृत्यु-दिवस (ई.सं.२००३) | –रमा पोखरेल |
| मायाको साइनो (वि.सं.२०६१) | –माया थापा |
| छातीभित्र देश दुख्दा (ई.सं.२००४) | –हेमनाथ घिमिरे |
| मान्छे ढुङ्गा र ईश्वर(वि.सं.२०६०) | –मधु शर्मा |
| प्रेमपराग (वि.सं.२०६०) | –रमेश सत्याल |
| हराएका कैदीहरू (वि.सं.२०६१) | –नगेन्द्रराज न्यौपाने |
| चौतारी (कवितासङ्ग्रह भाग १, २) | –सागर श्रेष्ठ |
| अनुभूतिका सग्ला पानाहरू (ई.सं.२००४) | –विष्णुबहादुर सिंह |
| नयाँ मुलुकको नाद (वि.सं.२०६३) | –मोहन सिटौला |
| गोलमाल (वि.सं.२०६३) | –शिवप्रकाश पौडेल |
| आप्रवासका सुसेली (ई.सं.२००६) | –होमनाथ सुवेदी |
| आकाशमाथिको शहर (ई.२००७) | –भारती गौतम |
| संगीतको आभास (कविता सङ्ग्रह) (ई.२००८) | –गंगा लिगल |

| | |
|---|---|
| असुचित बिम्ब-ध्वनि (ई.२०१०) | –हरि मानन्धर |
| रात ढलेको थिएन (ई.२०११) | –गोपी कृष्ण प्रसाई |
| सागरपारि(ई.२०११) | –गंगा लिगल |
| बिगवेन र समय (२०११) | –डा. रूपक श्रेष्ठ |
| म आकाश र ताराहरू (२०११) | –ईश्वर मानन्धर |
| डायस्पोराको डोरा (२०११) | –होमनाथ सुवेदी |
| प्रेम दिवस (२०११) | –होमनाथ सुवेदी |
| भानु तिम्रो सम्भनामा -(कविता सङ्ग्रह)(ई.२०१२) | –गंगा लिगल |
| अनेक डायस्पोराका कविता (कविता सङ्ग्रह)(ई.२०१२) | –सम्पादक-खिमानन्द आचार्य, होमनाथ सुवेदी, प्रकाश नेपाल |
| राती फुल्ने फूलहरू | –प्रकाश नेपाल |

**लोकसाहित्य: (Folk Literature)**

| | |
|---|---|
| नेपाली लोककथा-सङ्कलन (वि.सं.२०५२) | –होमनाथ सुवेदी |
| छन्त्याल लोक कथा -सङ्लन (वि.सं.२०६६)– | –होमनाथ सुवेदी |

**महाकाव्य (Epic)**

| | |
|---|---|
| नयाँ ईश्वरको घोषणा (ई.सं.२००४) | –गोपाल पराजुली |
| डायास्पोराको पेन (महाकाव्य) (वि.सं.२०६६) | –होमनाथ सुवेदी |

**खण्डकाव्य**

| | |
|---|---|
| सविता (२००७) | –तीर्थराज पाण्डेय 'आँसु' |
| सागर पारको पुकार (ई.२००७) | –लक्ष्मण सत्याल, प्रेमनाथ सत्याल |
| शोक शब्दाञ्जली (वि.सं. २०६५) | –डा.सुषमा आचार्य |
| छयासीको छवि (ई.सं.२००८) | –होमनाथ सुवेदी |
| ग्रहग्रस्त दिवाकर (ई.सं.२००८) | –होमनाथ सुवेदी |
| ममताको खास्टो (वि.सं. २०६५) | –गंगा लिगल |
| सखी वियोग (ई.सं.२०१०) | –गंगा लिगल |

**गजल, गीत, मुक्तक र हाइकु सङ्ग्रह (Gazal, Songs, Muktak and haiku)**

| | |
|---|---|
| मलाई छुने मन (ई.सं.२००३) | –ज्ञानेन्द्र गदाल |
| म विनाको मेरो जीवन (वि.सं.२०६३) | –कमला प्रसाइँ |
| सेतो गाजल (वि.सं. २०६४) | –होमनाथ सुवेदी |
| आत्माको आँसु (गजल सङ्ग्रह) | –निशान्त तमु |



## श्रीमती गंगा लिगल

जन्मस्थान : पाल्पा, तानसेन (लुम्बिनी अञ्चल)

बसोवास : सिद्धार्थनगर भैरहवा

हाल : अमेरिका, ह्युस्टन, टेक्सास

शिक्षा : (एम.ए. कल्चर) त्रि. वि.
उप-प्राध्यापक, भै.व. क्याम्पस ।

### पुरस्कार र सम्मान

राष्ट्रिय शिक्षा पदक – २०४८

भानुजयन्ती समारोह समिति – २००९ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वाशिङ्टन डी.सीबाट प्रसिद्ध कवयित्री २००८ को सम्मान प्राप्त Nepalese Society of Houston ले नेपाली भाषा र साहित्यमा योगदान गरेबापत प्रमाण पत्र सहित सम्मान गरेको ।

नेवाः खल सिद्धार्थ नगर, भैरहवाले चैत्र १४,२०६८ मा प्रमाणपत्रसहित महिला साहित्यकार सम्मान गरेको ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टरद्वारा जेष्ठ २५, २०६९ मा सम्मान गरेको ।

### अध्यक्ष

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, ह्युस्टन, टेक्सास (संयुक्त राज्य अमेरिका)

### प्रकाशित कृतिहरू

| | |
|---|---|
| बिहानी | – कवितासङ्ग्रह |
| गंगाको लहर | – कवितासङ्ग्रह |
| युगज्योति | – धार्मिक लेख र रचनाको संगालो |
| आमा | – कवितासङ्ग्रह |
| गंगाका तरंगहरू | – कवितासङ्ग्रह |
| संगीतको आभास | – कवितासङ्ग्रह |
| ममताको खास्टो | – खण्डकाव्य |
| ऐना | – कथासङ्ग्रह |
| गंगाका गजल | – गजलसङ्ग्रह |
| सखीवियोग | – खण्डकाव्य |
| सागरपारि | – कवितासङ्ग्रह |
| लालीगुराँस | – गीतसंग्रह |
| पत्रमञ्जुषा | – पत्र साहित्य |
| भानु तिम्रो सम्झनामा | – कविता-सङ्ग्रह |
| अमेरिका | – उपन्यास प्रस्तुत |

प्रकाशक
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
वाशिङ्टन डीसी, संयुक्त राज्य अमेरिका